# अध्याय - १

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि (Background of Study)

मानविय श्रोत विकासले मानिसको काम गर्ने ज्ञान, सीप र क्षमताको विकासलाई बुझाउछ । ती गुणहरुको विकासमा शिक्षाको अहम् भूमिका रहेको हुन्छ । शिक्षाले मानिसमा व्यवहारिक परिवर्तन ल्याउँछ । शिक्षा एक पटक आर्जन गरेर पूरा हुने कुरा होइन । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसले मानवको अन्धकारपूर्ण जीवनलाई उज्यालोतिर लैजान्छ । साथै मानिसमा पशुत्वको ठाउँमा मनुष्यत्वको रोपण गर्दछ । तसर्थ शिक्षा व्यक्ति र समाजको उत्थान गर्ने एउटा प्रमुख साधन हो, जसले व्यक्तिको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गरी मानिसलाई उच्चस्तरीय जीवनयापन गर्न योग्य बनाउछ । तसर्थ शिक्षा नै मानिसको सर्बाङ्गिण विकासको आधारका रुपमा रहेको हुन्छ । यस्तो महत्वपूर्ण  शिक्षाबाट करिब ४७ प्रतिशत नेपालीहरु अझै बञ्चित रहेको तितो अवस्था विद्यमान छ । (राष्ट्रिय जनगणना, २०५८) । नेपालको सबभन्दा पहिलो औपचारिक अंग्रजी प्राथमिक पाठशाला वि.स. १९१० मा जंगबहादुर राणाले स्थापना गरेको प्राथमिक पाठशाला हो । त्यसपछि श्री ३ महाराज रणोद्धीप सिंहद्धारा उद्घाटित संस्कृत पाठशाला र बीर समशेरको पालना पनि उपत्यकाभित्र केही शिक्षा प्रचारको कार्य भएको देखिन्छ । त्यसपछि पनि भिम समशेरले धेरथोर प्रयास गरेको बुझिन्छ । राणाकालमा एकै पल्ट सयौं विद्यालय खोल्ने नाम श्री ३ देव समशेरको आउँछ । उनले साधारण विद्यालयहरु मात्र होइन नेपालीहरुलाई जापान पठाएर प्राविधिक शिक्षा र उच्च स्तरको मसिनहरु निर्माण गर्ने कार्यको थालनी गरेका थिए । उनका भतिजा गेहेन्द्र समशेरलाई नेपालको बैज्ञानिक इन्जिनियर मानिन्छ । तर देवसमशेर धनकुटा धपुवा भएपछि नेपालमा यस प्रकारको शिक्षाको ढोका बन्द भयो । गेहेन्द्र समशेरको असामयिक निधन भयो ।

श्री ३ चन्द्र समशेरद्धारा देव समशेरले खोलेका विद्यालयहरु अधिकाशं बन्द गरियपछि त्रिचन्द्र कलेजको स्थापनाबाट उच्च शिक्षा प्रारम्भ भएको देखिन्छ । त्यसपछि पनि श्री ३ जुद्ध समशेरले जुद्ध मिडिल स्कूल र हाइस्कूलहरु खोलेको पाईन्छ । श्री ३ पद्म समशेरले पनि प्राथमिक पाठशाला र हाइस्कुलहरु खोलेको प्रमाणहरु छन् । जे भए पनि असन्तुलित रुपले देशमा प्राथमिक र मा.वि.हरुको स्थापना भएको पाइएको छ । प्राथमिक विद्यालयको विकास क्रमलाई हेर्दा वि.स. २००७ सालसम्ममा  ३२१ प्राथमिक विद्यालयहरुमा ८५०५ विद्यार्थीहरु  अध्ययनरत रहेको पाईन्छ । साथै तत्कालनि साक्षरता  २ प्रतिशत रहेको थियो । *(गोपीनाथ शर्मा, २०५६)* भने वि.स.२०५८ मा साक्षरता ५३.७ प्रतिशत रहेको पाईन्छ । *(राष्ट्रिय जनगणना, २०५८)*

२००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि शिक्षाको विकासबाट देश विकास सम्भव छ भन्ने कुलाई महसुस गरियो । तसर्थ शिक्षाको विकासको लागि विभिन्न शिक्षा आयोग गठन गर्ने कार्य प्रारम्भ भयो । यस क्रममा वि.स.२०११ सालमा नेपाल राष्ट्रिय शिक्षा आयोग, वि.स. २०१८ सालमा सर्बाङ्गिण राष्ट्रि शिक्षा समिति, वि.स. २०१९ सालमा डा.उड र ब्रुनोको कार्यदलको प्रतिवेदन, २०२४ सालमाा राष्ट्रिय शिक्षा सल्लाहकार परिषद, वि.स. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना, वि.स. २०४२ सालमा शाही उच्च शिक्षा आयोग, वि.स.२०४९ सालमा राष्ट्रिय शिक्षा आयोग र २०५५ सालमा उच्चस्तरीय राष्ट्रि शिक्षा आयोग गठन गरिएको पाईन्छ । यी सम्पूर्ण आयोगहरुको प्राथमिक शिक्षााई साक्षरता तथा आधारभूत शिक्षाको रुपमा स्वीकारेका छन् । वि.स. २०४६ सालको जनआन्दोलबाट प्रजातन्त्रको पुर्नस्थापना भएपछि प्राथमिक शिक्षाको विकासले अग्रगति लिएको पाईन्छ । तथ्याङ्कगत रुपमा वि.स. २०५४ सालमा प्रा.वि. विद्यालयहरुको संख्या २३,२८४ शिक्षकहरुको संख्या ९१,४६४ र विद्यार्थीहरुको संख्या ३४,६०,७५६ रहेको छ ***(नेपालको शैक्षिक तथ्याङ्क, २०५४)*** । २०५८ सालमा प्रा.वि.संख्या २४,९४३, शिक्षक संख्या ९६,६५९ र विद्यार्थी संख्या ३८,५३,६१८ रहेको पाईन्छ । ***(नेपालको शैक्षिक तथ्याङ्क, २०५८)*** । उक्त तथ्याङ्कले संख्यात्मक रुपमा प्राथमिक विद्यालय संख्या र विद्यार्थी संख्या बढ्दो स्थितिमा देखिन्छ । संख्यात्मक रुपमा विद्यालय र शिक्षकहरुको संख्या बृद्धि भएपनि अझै विद्यालयमा सबै जात जातीहरुको प्रहुच विस्तार हुन सकेको पाइदैन । सहभागिता तथा पंहुच सम्बन्धी कारण खोज्ने हो भने जनसंख्याको वितरण जान्नु अति आवश्यक हुन्छ । नेपालका अन्य विकास क्षेत्रको तुलनामा मध्य तथा सुदुरपशिचमाञ्चल विकास क्षेत्रमा विपन्न जनजातीका मानिसहरुको बसोबास हुदै आएको पाईन्छ । जसमा शिक्षाको दृष्टिकोणमा उदासिनता पाईन्छ । यसमा खासगरि दाङ्ग, बांके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा थारु जातीको बाहुल्यता रहेको छ । यस जातीका शिक्षाको पंहुचमा न्यूनता रहेको छ । यस जातीको एक वर्ग समाजमा कमैयाको रुपमा लामो समय सम्म रहेको थियो । कमैया प्रथाको थालनी राणाकालमा विर्ता प्रथा र जमीनदारी प्रथाबाट शुरु भएको बुझिन्छ । मुगकाल भन्दा पनि अघि मुहम्मद गोरी, मुहम्मद गजन्वी, तैमूलंग, चाँगेज खाँ, नादिर शाह आदि हिन्दु-विरोधी लुटेरा र लडाकूहरुबाट धर्मरक्षा गर्न थारुहरु राजस्थान तर्फबाट भारतको उत्तर प्रदेश र विहार हुदै नेपाल पसेका हुन सक्छन् । किन भने पशिचम भारतको उत्तर प्रदेश र विहार हुदै नेपाल पसेको हुन सक्छन् । किन भने पशिचम भारतको गाई पाल्ने चलन यिनीहरुमा केही वर्ष अघिसम्म निकै प्रचलित थियो । त्यस्तै ग्वालाहरुको देश मानिने गुजरात र मध्यप्रदेशबाट पनि यिनीहरु सांस्कृतिक परम्पराबाट बुझिन्छ । त्यस्तै कठरिया थारु कठियावाड (गुजरात) बाट नेपाल पसेको हुनसक्छन् । जहाँबाट जसरी आएपन थारु नेपालको तराइबासीमा महत्वपूर्ण जाती मानिन्छ ।

यिनीहरुको समाजमा एउटा वर्ग जुन कमैयाको रुपमा देखा पर्‍यो त्यसको थालनी कहिले भयो यकिन साथ भन्न सकिने अवस्था छैन । कमैया बस्तुत : कामदार त हो तर त्यसको हालत सामान्य कामदारको सरह नभई नेपाल लगायत विश्वकै उन्मूलन भईसकेको कमारा वा दास प्रथा जसलाई वांधा पनि भनिन्छ –त्ससैरुपमा रहेको छ । त्यसैले योमानव शोषण र उत्पीडनको प्रपिविम्बको रुपमा उपस्थित थियो । साथै सभ्य मानवको निमित्त कलंकको रुपमा रहेको थियो । कमैया प्रथा वास्तवमा दास प्रथकै अवशेष हो । यो प्रथा दासभन्दा पहिले प्रचलनमा रहे पनि दास उन्मूलन भएपछि त्यसका विकृतिहरु यसमा सरेर आएका छन् । जमिनदार, जिम्मावाल विर्ताालहरुले झारा, वेठ, वेगारी लिने प्रचलन गरेका थिए । त्यसका दुगुर्णहरु कमैया प्रथामा आए । सुरुमा सम्मानित प्रथा भएपनि कालान्तरमा मानविय शोषणको माध्यम बनाइयो । कमैया अर्न्तगत भैसवार, गैवार, बर्दिवा, छेकरवा बुकरही पर्दथे । यिनीहरुको ज्याला न्यून हुने गर्दथ्यो । कमैयाले एक दिनमा १८ घण्टासम्म काम गर्नुपर्ने हुन्थ्यो । कैलालीमा काम गरेवापत पारिश्रमिकमा जग्गा भएमा तीन मन बुवार (विउ), धान ३७५ देखि ९०० के.जी.सम्म प्रंति विगाह, नगद १२०० देखि ३००० सम्म र उब्जेको खाद्यान्न अनुपात तिकुर ३३ प्रशित र चौकुर २५ प्रतिशत दिने प्रचलित थियो । खान वा मस्यौरा पनि दिने प्रचलन थियो । खानालाई नपुगेमा खौट्टी ( खान नपुग भएमा दिइने खाद्यान्न ऋण) दिइन्थ्यो । कैलाली जिल्लामा अधिकांश थारु जाती कमैया रहेका थिए । यी कमैयाहरु जमिन्दार र भूमिपति वर्गद्धारा व्यवहारिक रुपमा हेर्दा खरिद विक्री हुदै आएका थिए । यो प्रथा अभिशापका रुपमा थारु समाजमा रहेको थियो । सालभरीको कमाइले हातमुख जोर्ने समस्या पनि समाधान गर्न नसक्ने अवस्था सृजित थियो । शिक्षा भनेको यिनीहरुको लागि आकाशको फल जस्तै थियो हुनतः २०२१ को भूमि सुधारले यिनीहरुको अवस्था सुधार गर्न प्रयास नगरेको होइन, तैपनि शिक्षाको अभावले, र आर्थिक श्रोतको अनभिज्ञताले त्यो कुप्रथाबाट उम्किन सकेनन् । क्रमशः तिनीहरुको आर्थिक, सामाजिक र कानूनी सुधारमा एवं् कानूनी रुपमा सरकारी र गैर सरकारी संस्थाहरुले आफ्नो भूमिका प्रभावकारी बनाउने प्रयास गरेता पनि यो सामाजिक कुप्रथाको रुपमा रहेको कमैया प्रथा श्री ५ को सरकारले वि.स.२०५७ साल श्रावण २ गते मुक्ति दिलाएपछि मात्र तिनीहरुलाई स्वतन्त्र नागरिक सरह वांच्न अवस्थाले सृजना हुन पुग्यो । तत्पश्चात मात्र उनीहरु राष्ट्रिय विकासको मूलधारमा समस्याग्रस्त नागरिकका रुपमा टड्गारो रुपमा देखिन आए । अनि मात्र उनीहरुसंग सम्बन्धित जम्मै नियम कानून अधिकार र यहांसम्म कि बसोबासको समस्या पनि योजनाबद्ध रुपमा व्यवस्थित गर्नुपर्ने बाध्यता देखियो । हाल आएर मुक्त थारु कमैयाको एउटा समूह नै समाजमा देखा परेको छ । विगतमा केवल सौकीको भरमा जिविका आर्जन गर्ने कमैयाहरु हाल आएर बसोबासका समस्याबाट समेत ग्रस्त रहेका छन् भूमिसुधार कार्यालयले मुक्त कमैयाको

बसोबास व्यवस्थित गर्न चार प्रकारले बर्गीकरण गरेको पाइन्छ । रातो कार्ड (जमिन नभएको), निलो कार्ड (ऐलानी, बांझो जग्गामा झुप्रो लगाएका), पहेलो कार्ड (दुई कठ्ठा भन्दा बढी नम्बरी जग्गा नभएको) र सेतो कार्ड ( दुई कठ्ठा भन्दा बढी नम्बरी जग्गा भएको) बसोबासको समस्या समाधान गर्न सरकारले चासो लिएता पनि शिक्षाको लागि भने उदासिनता रहेको पाईन्छ । अस्थाई शिविरमा रहेका ती मुक्त कमैयाहरुका बस्तीमा विद्यालयको स्थापना गरी तिनीहरुको बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याउन कुन कुन बाधा र समस्याहरु छन् ती बालबालिकाको शिक्षामा पंहुच न्यून हुनुका कारणहरु के के हुन, उनीहरुका अभिभावकको शिक्षा प्रतिको धारणा आदि बारे अध्ययन तथा अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिन्छ । त्यही आवश्यकता पूरा गर्न यो शोधपत्र प्रस्तुत गरिएको छ ।

## १.२ समस्याको कथन (The Statement of Problem)

जीवनको अभिन्न अङ्ग शिक्षा हो । शिक्षाको अभावमा मानिस शारीरीक, बौद्धिक, मानसिक र संबेगात्मक रुपमा अपाङ्ग हुन्छ । शिक्षा विना मानिसको ज्ञान, सीप र अभिबृत्तिको विकास हुन सक्दैन । तसर्थ समुदायका सबै पक्षलाई शिक्षा आवश्यक हुन्छ । शिक्षाको थालनी प्राथमिक शिक्षाबाट हुने र यो अघिल्लो शिक्षाको आधार भएको तथा यसलाई आधारभूत शिक्षाका रुपमा स्वीकार गरिएकोले यस तहको शिक्षाको विकासमा सबै पक्षको ध्यान जानु अति आवश्यक हुन्छ । साथै यस तहको शिक्षालाई सरल र सहज रुपमा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने हुन्छ । सबै धर्म, लिङ्ग र जातीलाई शिक्षामा सहज रुपमा प्रहुच हुने बातावरण सिर्जना गर्नुपर्ने हुन्छ । मुक्त थारु कमैया जातीको शिक्षामा पहुच बृद्धि गर्न राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा सभा, गोष्ठी र अनुसन्धान भएको पाईन्छ । सरकारी तथा गैरसरकारी संस्था, शिक्षाविद, समाजसेवी, राजनीतिज्ञले सहभागिता बृद्धि गर्न प्रयत्न गरेता पनि अझै करिब ४४ प्रतिशत नेपालीहरु शिक्षाको उज्यालोबाट बञ्चित रहेको यथार्थ छ (स्रोतः शैक्षिक तथ्याङ्क २०६३, शिक्षा विभाग, काठमाण्डौं) । शिक्षा तथा खेलकुद मन्त्रालयले शैक्षिक योजना कार्यान्वयनका लागि विभिन्न रणनीति लिएको पाईन्छ । लैङ्गिक समानताको हिसाबले आधारभूत प्राथमिक शिक्षा सबैका लागि उपलब्ध गराउने, कमजोरहरुको लागि समान रुपमा शैक्षिक अवसु प्रदान गर्ने, गुणात्मक शिक्षाको विकामा विशेुष जोड दिन, पूर्व प्राथमिक कक्षहरुको संचालन स्थानीय निकाय र समुदायबाट गरिने , राष्ट्रिय भाषाहरुमा शिक्षा प्रदान गर्न आवश्यक कदमहरु चालिने, स्थानीय निकाय, अभिभावक र समुदायमा व्यवस्थापनको केन्द्रीकरणलाई प्राथमिकता दिने, भौतिक तथा आर्थिक सुविधामा विस्तार गर्ने, सबै गा.वि.स. र न.पा.लाई आफ्नो क्षेत्रमा

विद्यालयहरुको स्थापना र संचालनको जिम्मा दिने रणनीति लिएको छ । *(स्रोतः उच्चस्तरीय रा.शि.आ. को प्रतिवेदन, २०५३)*

मुक्त थारु कमैयाहरुको शिक्षामा पहुंच कम हुनुमा विभिन्न जानकारी पत्ता लगाउन अभिभावक , शिक्षक, संघ संस्था आदिबाट उनीहरुको बारेमा शिक्षा सम्बन्धी धारणा बुझ्न समस्याहरु पहिल्याउने पर्ने हुन्छ जुन समस्याहरु निम्न अनुसार रहेका छन्

1= मुक्त थारु कमैया परिवारका बालबालिकाहरुमा कमजोर आर्थिक अवस्थाले उनीहरुको शिक्षाको पहुँचमा प्रभाव पारेको छ ।

2= प्राथमिक तहमा उनीहरुको उमेर बढि देखिएको छ ।

3= प्राथमिक तहको शिक्षामा उनीहरुको सहभागिता बढाउन सकिरहेको छैन ।

4= बालबालिकालाई विद्यालय पठाउनेको लागि उनका अभिभावकको धारणामा परिवर्तन ल्याउन सकिरहेको छैन ।

5= बालबालिकाहरु विद्यालयमा नियमित हुन सकिरहेका छैनन् ।

6= राज्य सरकारले मुक्त कमैयाहरुको शिक्षामा पहुँच वृद्धि गर्न सकिरहेको छैन ।

## १.३. अध्ययनका उद्देश्यहरु (Objectives of the Study)

कैलाली टीकापुर न.पा.का मुक्त थारु कमैयाहरुको शिक्षामा पहुंच कम हुनुका समाजशास्त्रीय अध्ययन विषयको उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

1= मुक्त थारु कमैया जातिहरुको शिक्षामा पहुँच न्यून हुनमा समाजशास्त्रिय कारणहरु पत्ता लगाउन ।

2= उनीहरुको शिक्षामा पहुँच कसरी वृद्धि गर्न सकिन्छ पहिचान गर्नु ।

3= उनीहरुका अभिभावकहरुको शिक्षाको महत्व प्रतिको धारणामा परिवर्तन ल्याउन सक्ने तथ्यहरु पहिचान गर्नु ।

## १.४ अध्ययनको औचित्य (Rational of the Study)

नेपाल विभिन्न जाति र सामुदायबाट बनेको देश हो । ति विभिन्न जातिहरु मध्य थारु जाति एक प्रमुख जाति हो यस समुदायमा थारुहरुको जनसंख्या उल्लेखनयि मात्रा रहेको छ । थारु समुदायभित्र एउटा समूह कमैयाको रुपमा लामो समयसम्म कार्यरत रहेको पाइनछ । त्यस समुहका

महिला तथा पुरुषहरु आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक र सांसकृतिक दृष्टिकोणले पिछडिएको अवस्थामा रहेका छन् । सन् १९९० मा थाइल्याण्डको जोम्टिनमा भएका विश्व शिखर सम्मेलनले सबैको लागि शिक्षा" सन् २००० सम्म प्रदान गर्ने महिला साक्षरता दरलाई पुरुष साक्षरतासरह पुऱ्याउने घोषणा गरेको पाइन्छ । यस घोषणाप्रति नेपालले पनि आफ्नो प्रतिवद्धता जाहेर गरेको थियो । तर उक्त घोषणाले सार्थकता पाउन सकेन । हाल आएर सेनेगलको डकारमा विश्व शिक्षा मंचले अप्रिल सन् २००० मा विश्व शिखर सम्मेलनको आयोजना गरी सबैका लागि शिक्षामा

पुनः प्रबिद्धता जाहेर गरेको छ । उक्त सम्मेलनले बालक तथा युवालाई सन् २०१५ सम्म शिक्षा प्रदान गर्न, दरगामी, लक्ष्य र रणनीति तर्जमा गरी कार्यान्वन गर्ने योजना बनाएको छ । जसमा नेपालले पनि प्रतिवद्धता जाहेर गरी गुरु योजना पनि निर्माण गरिसकेको छ । तर यसको सार्थकताको परिणाम भने हेर्न बाँकी नै छ । यस्ता राष्ट्रिय र अन्तरराष्ट्रिय प्रयासका बावजुद जनजातीको रुपमा रहेका मुक्त थारु कमैया जातीहरुलाई साक्षर बनाउने कुनै ठोस योजना पाइदैन । प्राथमिक विद्यालय उमेरका बालबालिकाहरुलाई शतप्रतिशत साक्षर बनाउन सन् १९९२-१९९६ र १९९७ देखि २००२ सम्म आ.प्र.शि.प.ले प्रथम र दोश्रो चरणका शैक्षिक कार्यक्रमहरु सम्पन्न गरिसकेको छ । तापनि प्राप्त तथ्याङ्क अनुसार आशा गरे अनुरुप लक्ष्य प्राप्त गर्न सकेको छैन । राष्ट्रिय शिक्षाआयोग २०४९ को शिक्षाका राष्ट्रिय उद्देश्य मध्ये एउटा उद्देश्य विविध कारणले राष्ट्रको मूलधारमा समाहित हुन नसकेका बालबालिकाहरुलाई समाहित गर्ने भन्ने रहेको छ यस्ता विविध प्रयत्नका बावजुद पनि हालसम्म मुक्त थारु कमैयाका बालबालिकाहरु शिक्षाको मुलधारमा समाहित हुन नसकेका छैनन् । सरकारी र गैरसरकारी संस्थाले औपचारिक र अनौपचारिक शिक्षा कार्यक्रममार्फत् साक्षरता वृद्धि गर्ने प्रयास गरेको पाइन्छ । तर यस्ता प्रयासबाट विषेशगरी थारु जाति भने खासै लभान्वित भएका देखिदैन । यसरी पिछडिएको समुहको एउटा समुह मुक्त थारु कमैया भएकाले यस समूहका जातिहरु के कारणले साक्षरताबाट वंचीत छन् भन्ने विषयको अध्ययन आवश्यक भएको हुँदा यस अध्ययनको औचित्य निम्नानुसार छन् ।

1= उनीहरुको साक्षरता तह तथा पहुंचको अवस्था कस्तो छ भनेर अध्ययन गर्नु ।

2= यस अध्ययनले सरकारी र गैरसरकारी संस्थालाई मुक्त थारु कमैयाहरुको लागि शैक्षिक कार्यक्रम तर्जुमा गर्न, कार्यान्वयन गर्न र लगानी गर्न प्रभाव पार्ने तत्वबारे यथार्थ जानकारी प्रस्तुत गर्नेछ ।

3= मुक्त कमैयाका बालबालिकाको वर्तमान, यथार्थ अवस्था बारे जानकारी प्रस्तुत हुनेछ ।

4= शैक्षिक क्रियाकलापका बाधक तत्वलाई कसरी हटाउने भन्ने उपाय पहिचान गर्न सहयोग मिल्नेछ ।

5= त्यस जातीलाई शिक्षाका मूलधारमा ल्याउन मद्दत मिल्नेछ ।

6= यसले अन्य समस्यालाई सामान्यीकरण गर्न, सरकारी निकायको ध्यानाकर्षक गर्न मद्दत गर्नेछ ।

7= यस क्षेत्रमा अध्ययन गर्न चाहनेका लागि यसले मद्दत गर्नेछ ।

## १.५ अध्ययनको सीमा (Limitation of the Study)

कुनै पनि विषयको अध्ययन कहांसम्म हुने वा त्यसको क्षेत्र र व्यापकता कति हुने भन्ने कुरा निश्चित हुनुपर्ने हुन्छ अन्यथा विषयको अध्ययनको सीमा रहेनन र त्यो विषय कहिले पनि टुङ्गिदैन । श्रोत, साधन, क्षेत्र र आर्थिक अवस्थाले गर्दा अध्ययनलाई सिमांकन गर्नुपर्नेहुन्छ । तसर्थ यस विषयको अध्ययन गर्न निम्नानुसार रहेका छन् ।

1= कैलाली क्षेत्रमा मात्र अध्ययन समित रहनेछ । यसले देशका अन्य मुक्त कमैयाहरुको प्रतिनिधित्व गर्ने छैन ।

2= स्नातकोत्तर तह समाजशास्त्र विषयको दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्ति गर्नेछ ।

3= मुक्त कमैया थारु जातिको मात्र प्रतिनिधित्व गर्ने छ ।

## १.६ अध्ययन क्षेत्रको छनोट र त्यसको औचित्य (The Selection of the Study Area and its Rationality)

कुनै पनि विषयको अध्ययनको तथ्य अनुसन्धानको लागि त्यसको क्षेत्र विषयको छनोट र त्यो क्षेत्रको छनोट किन गर्नु पऱ्यो ? कसरी गरियो ? भन्ने कुराको औचित्य पुष्टि हुनुपर्छ । विषयको अध्ययन अनुसन्धान ठीक, सांचो, सत्य प्रमाणित हुनुको लागि त्यो विषयसंग सम्बन्धीत समाज वा क्षेत्र हुनुपर्छ र अनुसन्धान कर्ता उक्त विषय तथा समाजसंग पनि पूर्ण परिस्थिति हुन सक्नुपर्छ । अन्यथा अध्ययन अपुरो असत्य तथा तथ्यहिन भई गलत र भ्रमपूर्ण हुनजान्छ । विषयले सम्बन्धीत पक्षलाई गलत सूचना, तथ्याङ्क, सम्प्रेशण गरि विषय संग सम्बन्धीत कुनै पनि पक्षलाई ठूलो घाटा अर्थात गलत सूचना प्रवाह हुनगई त्यसजाती वा पक्षको अस्तित्व माथी नै खतरा आउन सक्छ । तसर्थ यस विषयको अध्ययन क्षेत्रको छनौट टीकापुर नगरपालिका वडा नं. ७ रानीकुला शिविर वडा नं. ८ विजयनगर शिविर र वडा नं. ९ श्री शक्तिनगर शिविरलाई छनौट गर्नाको औचित्य निम्नानुसार प्रस्तुत गरिएको छ ।

१= थारु मुक्त कमैयाहरुको मुख्य बसोबासको क्षेत्रमा पश्चिम तराई जिल्ला हुनु र त्यस अन्तर्गत कैलालीको टीकापुर क्षेत्र मुख्य बसोबास क्षेत्र हुनु ।

२= अनुसन्धानकर्ता स्वयं त्यस क्षेत्रको बसोबासी हुनु र त्यस जातिको भाषा संस्कृतिसंग पूर्ण परिचित हुनु ।

३= विषयको अध्ययनको लागि आवश्यक पर्ने वास्तविक तथ्याङ्कहरु संकलन गर्न सहज हुने र त्यसवाट मुक्त थारु कमैयाहरुको यथार्थ जानकारी हुन सक्ने ।

# अध्याय - २

## २. सन्दर्भ सामाग्रीको समिक्षा (Review of the Related Materials)

## २.१ सम्बन्धित साहित्यको समीक्षा (Review of the Related Literature)

यस शोधपत्रको अध्ययन गर्ने क्रममा उपलब्ध विभिन्न शोधपत्र पुस्तक र लेखहरुको अध्ययन गरिएको थियो । जस अर्न्तगत सम्बन्धित सन्दर्भ सामाग्रीको समिक्षा तपसिल अनुसार उल्लेख गरिन्छ ।

### *२.१.१ उप्रेती, बेद प्रकाशको अध्ययन प्रतिवेदन (२०००)*

यस अध्ययनको शीर्षक "Socio-economic aspects of Kamiya system. A case study of the Tharu kamiya of Bashkeda shreepur of Kailali district". रहेको छ । यो अध्ययन कैलाली जिल्लाको श्रीपुर गा.वि.स. बासखेडामा गरिएको छ । जसमा कमैयाको आर्थिक सामाजिक स्थितीका अतिरिक्त शैक्षिक स्थितीको पनि चित्रण गरिएको छ । उनीहरुका शैक्षिक अवस्था औंल्याउदै भनिएको छ :– "९० प्रतिशत थारु कमैया अशिक्षित छन् केवल १० प्रतिशत थारु कमैया नेपाली लेख्न र पढ्न जान्दछन ।" श्रीपुरमा माध्यमिक विद्यालय संचालनमा रहेको छ । तर अहिलेसम्म थारु कमैयाले आफ्ना बालबालीकाहरु विद्यालयमा पढ्नको लागि पठाएको पाइएन । यसको मुख्य कारण गरिबी नै हो । सानै उमेरमा तिनीहरु खेतमा काम गर्न थाल्दछन् । बालमजदुरीको बलियो जरो गाडेको छ । त्यहाँ कसै थारु कमैयाले हालसम्म एस.एल.सी उतीर्ण गरेको पाइएन । महिला साक्षरता छदैछैन भन्ने कुरा प्रतिवेदनमा उल्लेख गरेको पाइयो ।

### *२.१.२ चौधरी, नाथुराम को अध्ययन प्रतिवेदन (२००२)*

यस अध्ययनको शीर्षक "Parental attitude to wards educating thauru chidren of Kailali district" रहेको छ । यो अध्ययन प्राथमिक तहसँग सम्बन्धित रहेको छ। यस अध्ययनको निष्कर्षमा प्राथमिक शिक्षा कार्यक्रमप्रति अभिभावकको सकारात्मक धारणा प्रस्तुत गरिएको छ । विद्यालयमा अध्ययनरत बालबालिकाहरुको व्यवहारप्रति अभिभावकहरु धेरै जस्तो सन्तुष्ट रहेको उल्लेख गरिएको छ । अभिभावकमध्ये ४२.२२ प्रतिशत शिक्षित र २४.४ प्रतिशत अशिक्षित अभिभावक केटा र केटी दुबैलाई शिक्षा आवश्यक छ भन्ने कुरामा सहमत पाइयो । ५१.१ प्रतिशत अभिभावक केटा भन्दा केटीलाई शिक्षा आवश्यक भएको कुरामा सहमत देखिए । ४३.३३ प्रतिशत अभिभावक केटीलाई राम्रो जीवन बाच्न प्राथमिक शिक्षा लिए पुग्ने कुरामा सहमत भएको पाइयो । ५४.४३ प्रतिशत अभिभावक छोरा र छोरी समान हुन् भन्ने कुरामा सहमत देखिएनन् । उनीहरु

छोराप्रति सकारात्मक देखिए । संक्षेपमा अभिभावकहरु प्राथमिक शिक्षाप्रति सकारात्मक देखिनुका साथै केटालाई पढाउने कुरामा सहमत र केटीलाई पढाउने कुरामा कम सकारात्मक रहेको अध्ययनले उल्लेख गरेको छ ।

### *२.१.३ विष्ट, डोर बहादुर ( १९७६)*

"People of Nepal " नामक पुस्तकमा नेपालको पश्चिम तराइमा बसोबास गर्ने थारु जातीका कमैयाहरुका विषयमा यस प्रकार लेखिएको छ । "धेरैजसो थारुहरु दाङ्ग देउखुरी जिल्लामा निरंकुश जन्मिदार , भूस्वामीहरु र भूपति कर उठाउनेहरुबाट सताइएका छन् । उनीहरु जमिन्दारहरुको यहाँ दासजस्तै जीवन व्यतीत गर्दै, बेचिदै र किनिदै भूमिविहिन रुपमा रहेका छन् । उनीहरु जमिन्दारको कृपामा बाँचिरहेका छन् । उनीहरु वर्षेनि ऋणको गहिराई सम्म दुब्दै एकबाट अर्को जमिन्दारको हातमा बेचिदै नयाँ जोती आवाद गरिरहेका छन् । " यसरी उनले थारु कमैयाको दयनिय स्थितिको चित्रण गरेको पाईन्छ ।

### *२.१.४ बस्नेत, नारायण (१९७८)*

"Access to Education of the Tharu children in Haridwar Village Panchayat of Dang District" विषयमा गरिएको यस अध्ययनको शैक्षिक सत्र २०३३/०३४ मा हरिद्वारा गाउँ पंचायतका थारु बालबालिकाहरुको विद्यालय भर्नाको स्थितिबारे निष्कर्ष निकालेको छ । उक्त अध्ययनबाट थारु बालबालिकाको विद्यालय भर्ना दर न्यून रहेको उल्लेख गरिएको छ । यस पंचायतका थारु बालबालिकाको शिक्षामा धेरै कम पहुँच रहेको, केवल मुट्ठीभर केटाकेटीले विद्यालय शिक्षा लिइरहेको र निम्न माध्यमिक तहमा भर्ना अझै नगण्य रहेको देखाइएको छ । ३७२ केटीहरुमा ९ वटा केटीहरु मात्र प्राथमिक तहमा भर्ना भएको तर नि.मा.वि. र मा.वि. तहमा केटीहरु अध्ययनरत नदेखिएको कुरा प्रतिवेदनमा उल्लेख छ, यी विभिन्न तथ्यहरुले थारुहरु शैक्षिक दृष्टिले निकै पछाडि रहेको कुरा पुष्टि हुन्छ ।

### *२.१.५ त्रि.वि.शैक्षिक अनुसन्धान तथा प्रवर्द्धन केन्द्र (सेरिड) (१९८८)*

"Educational Status of the Tharus" नामक अनुसन्धान प्रतिवेदनको लागि पूर्वको सुनसरी, मध्यको चितवन, मध्यपश्चिमको दाङ्ग र सुदुरपश्चिमको कैलाली जिल्लालाई छनौट गरिएको कुरा अध्ययन प्रतिवेदनको उल्लेख छ । उत्तः प्रतिवेदनमा "वर्तमान थारुहरु शैक्षिक रुपमा सुविधा विहिन समाजका अङ्गका रुपमा रहेका देखिन्छन् । विद्यालय जाने बालबालिकाहरु पनि आफ्नो समूहभन्दा पनि बढी उमेरका पाईन्छन् किनभने उनीहरु विद्यालयमा ढिलो भर्ना हुन्छन् । परिवारबाट विद्यार्थी विद्यालय जान्छन् र मिश्रित समाजमा बस्छन् । थोरै प्रतिशत बालबालिकाहरु मात्र आफ्नो शिक्षा पुरा गर्दछन् ।" भन्ने उल्लेख छ । उक्त शैक्षिक अवस्थाका कारणहरु अध्ययन प्रतिवेदनमा यस प्रकार

रहेका छन् :- धेरैजसो अभिभावकहरु आफ्ना बालबालिकाको शिक्षाको लागि लाग्ने लागत व्यहोर्ने सक्षम छैनन् । धेरैजस्ता अभिभावक घरेलु र खेतीको कामले गर्दा पनि बालबालिकाहरुलाई छोड्न चाहदैनन् । उनीहरुको परपम्परागत कृषि संलग्नता एक मात्र जीविकाको साधन भएकोले शिक्षालाई कम महत्व दिने गरेका छन् । नेपाली भाषाको समस्याले गर्दा प्रारम्भिक कक्षाहरुमा थारु बालबालिकाहरुले कठिनाई महसुस गर्ने गरेका छन् । उक्त प्रतिवेदनमा शिक्षाप्रतिको थारु समाजमा रहेको धारणा यस प्रकार व्यक्त भएको छ । :- शिक्षित व्यक्तिले कृषि व्यवसाय सम्हाल्न सक्दैनन् । कृषि कार्यमा आफ्ना बालबालिकाको सहयोग आवश्यक ठान्दछन् । बालबालिकाहरु विद्यालय जानको लागि धेरै अभिरुचि राख्दैनन् । उक्त प्रतिवेदनमा सुझाव तथा सांराश यस प्रकार दिएको छ :- शिक्षाबाट हुने अपेक्षित फाईदाको वारे उनीहरुको समूहमा छलफल गर्ने , चेतना जगाउने । छात्रवृत्ति, निःशुल्क शिक्षण र निःशुल्क पाठ्यपुस्तकहरु उपलब्ध गराउने । पायक पर्ने ठाउँमा विद्यालय स्थापित गर्ने । उनीहरुको इच्छा पुरा गर्न विद्यालयमा खेलकुदका सुविधाहरुको व्यवस्था ागर्ने । थारुलाई नेपाली समाजको एउटा कमजोर अङ्गका रुपमा महसुस गरी उनीहरुलाई सहयोग पुऱ्याउनको लागि विभिन्न पदहरुको सकारात्मक रुपमा आरक्षण गर्ने । सबै बालबालिकालाई विद्यालय पढाउने अभिभावकहरुलाई पुरस्कार व्यवस्थ ागर्ने । बालबालिकालाई सिकाईप्रति उत्प्रेरित गर्न शिक्षकलाई स्थानीय भाषामा पढाउन लगाउने भनी उल्लेख गरिएको पाईन्छ ।

### *२.१.६ बम, महेन्द्रसिंहको अध्यनन प्रतिवेदन (२०६१)*

"प्राथमिक विद्यालय उमेर समूहका विद्यालय जाने र नजाने थारु मुक्त कमैयाहरुका बालबालिकाहरुको अध्ययन" नामक यो अध्ययन कैलाली जिल्ला देगौंली गा.वि.स. लायकपुर मुक्त थारु कमैया शिविरमा गरिएको छ । यस प्रतिवेदनमा अध्ययन क्षेत्रमा बसोवास गर्ने मुक्त कमैयाका बालबालिकाको शैक्षिक स्थिति खस्केको पाईएको छ । प्राथमिक विद्यालय जाने मिल्दो उमेरका विद्यार्थीहरुको भर्ना दर एकदमै कम अर्थात छात्रा १८.९ प्रतिशत र छात्र १९.८९ प्रतिशत रहेको अध्ययनले देखाएको छ । सहजै देखिने भर्ना दर औसत ३६.५ प्रतिशत र खुद भर्ना दर १६.५ प्रतिशत रहेको, विद्यार्थीको नियमिततामा अति कमी देखिएको छ । विद्यालय जाने बालबालिकाको प्रतिशत न्यून भएर पनि विद्यालय छोड्ने दर छात्र तथा छात्रा तर्फ क्रमशः २२.५ प्रतिशत र ३५.८ प्रतिशत देखिन्छ । विद्यालय जान नपाएका बालबालिकापनि विद्यालय जान चाहिरहेका छन् । अभिभावक पनि विद्यालय पठाउन सकारात्मक छन् । तापनि बेरोजगारी र आशिंक रोजगारीको कारणले भरपेट खान नसक्दा विद्यालय शिक्षातर्फ सोच्न नसक्ने वातावरण छ । घरको कामका साथै अर्काको काममा लागेको कारण पनि बाधक तत्वको रुपमा देखापरेको छ । विद्यालय जाने बालबालिकाको व्यवहार विद्यालय नजानेको भन्दा सकारात्मक पाईएको छ । अभिभावकको साक्षरता

प्रतिशत औसत ३२.७२ प्रतिशत रहेको पाईएको छ । सरकारी र गैरसरकारी संस्था र विद्यालयबाट शिक्षा तर्फ उल्लेख सहयोग भएतापनि बालबालिकालाई शिक्षामा समाहित गराउने कार्यमा अभिभावकहरुको गरिवी र अशिक्षा बाधक भएको पाईन्छ ।

## *२.१.७ प्रा.डा. विद्यानाथ कोइराला (१९९६)*

Schooling and the Dalits of Nepal :- A case study of Bungkot Dalit Community नामक प्रतिवेदनमा नेपालको जातीवाद विषयको अध्ययनको क्रममा वहाँले केहि महत्वपूर्ण कुरामा प्राकाश पार्नु भएको छ । यो Case Study लाई International/intercultural Education Dept. of education policy studies, Demonton, Alberta मा पेश गरिएको थियो । यो प्रतिवेदनको सोझै दलितमाथि केन्द्रित गरिएको हुनाले यस अध्ययनमा इतिहासकालदेखि दलित भनिनेहरु हिन्दु ग्रन्थहरुमा शुद्र भनिएका छन् । यिनिहरुलाई ज्ञानको कुरा सुन्न नपाईने भन्ने तत्कालिन आममान्यता ग्रन्थहरुमा आधारित थियो । त्यसैले शुद्रहरु शिक्षित हुन नसकी आर्थिक दृष्टिले समेत निरपेक्ष गरिवीको रेखामुनी रहेकोले तिनीहरुको पहुंच हरेक क्षेत्रमा नभएको हो भन्ने कुरा उल्लेख गरिएको छ । वहाँले आफ्नो प्रतिवेदनमा विभिन्न चिन्तनहरु समावेश गरेको  पाईयो । (विलकास्ट १९८२) का अनुसार वयस्क अवस्थामा उत्तरदायी भूमिका निर्वाह गर्न सिकाउनु शिक्षाको उद्देश्य हुनुपर्दछ । त्यस्तै Good Land का अनुसार तहगत शिक्षाका उद्देश्य र कार्य निर्धारण गरेको प्रायः पाईदैन । राज्यद्धारा दुई प्रकारका विद्यालय संचालन गर्नाले परम्परागत र आधुनिक सोचको खिचडी प्रदर्शन भएको पाईन्छ । दलितहरुका लागि विद्यालयको विकास वा फैलावतलाई मात्रात्मक रुपमा मात्र वृद्धि गरेको पाईन्छ । विद्यालयको पढाई भनेको विद्यार्थीहरुले विद्यालयभित्र विताउने समयलाई लिएको पाईन्छ । त्यसैले आर्थिक, मनोवैज्ञानिक तथा सामाजिक परिवर्तनहरु विद्यालयमा प्राप्त शिक्षाबाट आएको हो भन्न सकिने स्थिति छैन । पश्चात्य रचनाहरुमा विद्यालय जाने कुरालाई दलितहरुको समस्या नभनेर सुविधा अप्राप्त वर्गको रुपमा लिईएको पाईन्छ ।

कलभर्ट राइट (१९८२) को भनाईमा मार्क्सले असमानताका लागि मानविय क्रियाकलाप र तार्किक प्रवृत्तिलाई जिम्मेवार ठहऱ्याएका छन् । वुर्जुवा र सर्वहारा वर्ग भएको सामाजिक संरचना नै सामाजिक असमानताको कारक तत्वको रुपमा रहेका पाईन्छ ।

मार्क्स वेवरका अनुसार शक्ति पृथकीकरणलाई लिएर व्यक्तिको सामाजिक स्थिति र सामाजिक हैसियत हेरिन्छ नकि आर्थिक रुपमा । धार्मिक विश्वासले पैदा गरेको शक्तिले असमान समाज सृजना गर्छ  । उनको असमानता बारेको विचार बहुलवादी छ । राजनीति, धर्म र सामाजिक संस्थाहरुले असमान समाजमा शक्ति सृजना गर्छन् । यसरी समाजशास्त्रीय चिन्तकहरुले आर्थिक सम्बन्धतर्फ झुकेर सामाजिक सम्बन्धको उत्पादन आर्थिक रुपले गरिन्छ भने सामाजिक असमानताको

Functional View लाई मार्क्सवादभन्दा फरक दृष्टिले लिएको पाईन्छ । समाजको आरम्भका सम्बन्धहरु यान्त्रिक सद्‌भावना, मेलमिलाप, धर्म,कानून, नैतिक लगानीका रुपमा अनुभूत गरिन्थ्यो ।

नेपालका दलितहरु पनि विशिष्ट कामको आधारमा सामाजिकिकरणमा ध्रुवीकरण भएका छन् । वौद्धिक नेतृत्व वर्ग, समकालिन राजनीति, ब्राहमण र शिक्षित समुदायले यस असमानतालाई स्वाभाविक रुपमा लिएका छन् भन्ने कुरा प्रतिवेदनमा उल्लेखित छ । समाजमा हावी रहेको वर्गले आफ्ना अधीनका मानिसहरुलाई शक्ति दिन नचाहेकाले पनि सामाजिक असमानता भएको हो भन्ने तर्क दिएको पाईन्छ ।

एनथोनी गिड्‌डनका अनुसार कार्यकारी अधिकारयुक्त र सांस्कृतिक तत्वहरुले असमानता सिर्जना गरेको हो भनेको पाईन्छ । कार्यको आधारमा आएको असमानताले दलित र वाहुनलाई छुट्टयाउंछ । अधिकारको कुराले बलियो र निर्धोलाई छुट्टयाउंछ । राजनैतिले शक्तिको आधारमा असमानता ल्याउछ । ठूलो बुद्धि भएकोले सानो बुद्धि भएकालाई हेपेर असमानता ल्याउछ भन्ने धारणा पाईन्छ ।

शिक्षाशास्त्रीहरुले उच्चवर्गिय लेखक वुद्धिजिवि वर्गले आफ्ना लेख रचनाद्धारा पृथक बनाईएको वर्गलाई आफ्नो अधीनमा रहनुपर्ने विचार पोखे । कालान्तरमा पिढी दरपिढीसम्म यही कुराले वैधानिकता पायो र वर्ग परम्परा र संस्कृतिलाई वल मिलेको कुरा प्रतिवेदनमा उल्लेखित रहेको छ । हाम्रा मनुस्मृति, वृहस्पति, शुक्रनीति, निर्णयसिन्धु आदि लेख्ने धार्मिक नेताहरुले जातीवादको वाटो पक्का पारेको पाईन्छ । यसबाट उच्च वर्गमा उच्चताको भावना र निम्न वर्गमा हिनताको भावना विकास भएकोले यस्तो भेदभाव हटाउन हिन्दुत्वको यस विचारलाई छलफलमा ल्याउन पर्छ । नत्र व्राहमणजस्तै हामी पनि ठूलो हुने भन्ने भेदको स्थिति ल्याउनु हुदैन भन्ने कुरा अध्ययनमा उल्लेख छ ।

वाहुनको हड्‌डी नै चोखो भन्ने भ्रम त्यागेर सबैले मिली काम गर्नुपर्छ । दलितका पुराना वानी खानपान र जातीय स्वभाव बदल्नु पर्छ । दलितसंग सम्बन्धित पेशागत संगठन खोलेर त्यसको माध्यमले सरकारसंग अधिकारको माग गर्ने र पेशा विशेषज्ञको रुपमा चिनिने गरी जातीय हीन भावना हटाउनु पर्छ । दलितका वारेमा लेखिएका कुरा कहिले पनि व्यवहारमा लागु गरिएनन् भन्ने कुरा उल्लेख गरिएको छ ।

वेलायती पाराको शिक्षाले दलितहरुलाई मद्दत नगरेकोले आलोचित पनि भयो । दलितहरुले चाहेको कुरा दिनुपर्छ र आदर्श विचारको वस्जारोपण गर्न दिनुपर्छ । आधुनिक युगका नारीहरुमा पुरुष सरह गुणहरुको विकास हुन दिनुपर्छ । उनीहरुलाई परम्परागत पेशाबाट छुट्टयाएर जाम्वियामा भएजस्तै परम्परागत मनोवृत्तिलाई हटाएर व्यक्तिगत रुपमा प्रतियोगितात्मक परम्परातिर लानु पर्छ । जस्तो पपुवान्युगिनिमा (दक्षिणी अमेरिका) गरीवबाट उम्कन कोसिस गराईयो । तिनीहरुलाई

अरुजातका मानिसहरुंगै त्यस प्रकारको साहित्य पढ्न लगाउनु पर्छ जसबाट उनीहरु स्वयं जाती प्रथाबाट उम्कन सफल हुनेछन् ।

ग्राम्स्की अल्थुसर र पोलान्जस जस्ता मार्क्सवादीहरुको सैद्धान्तिक खाका अनुसार बाउल्स र जिन्टिसको नेपाली प्रतिको विचारअनुसार जुन किसिमले अनुसन्धान गरेपनि अलग अलग प्रकारका परिणाम पाइएका छन् । नेपालका दमाई, कामी, सार्कीहरुकोकुनै पनि आफ्नै नीति भाषा, संस्कृतिलाई वाँचाईराख्नु पर्ने केही छैन,यति हो कि आर्थिक रुपमा परावलम्वी राजनैतिक रुपमा सीमित छन् । स्कूलमा जाने कुरा देख्ने गोरु र कानो गोरु जस्तै भन्ने दलितहरुको भनाइ छ ।

एकपटक दलितलाई मौका दिएर हेरेको खण्डमा (अमेरिका) जान्तानियामा भएजस्तै यहाँ पनि दलितहरुमा आत्मविश्वास जाग्ने छ । खाली पण्डित्याई देखाउने मात्र नभएर ज्ञानको प्रसारण गरिनु पर्छ । जस्तो कि फेरेले कुराकानी प्रविधि भनेका छन् । त्यो विधि दलितमा यहाँ पनि प्रयोग हुनुपर्छ । दलितहरुका लागि प्रथमतः सन्देशमूलक विद्यालय खोलिनु पर्छ, जसमा दलितहरुले आफ्नो दलित्याईको अरु जातीका मानिसहरुसँग बसेर गर्न सकुन्., चाहे भविष्यमा जस्तोसुकै परिणाम किन नहोस् । दोस्रो कुरा सहयोगात्मक अनुसन्धानद्धारा उनीहरुले विद्यालयमा के परिवर्तन चाहेका छन् त्यो बुझ्नु पर्छ ।

दलितहरुको लागि राम्रो विद्यालय व्यवस्थापन मार्क्स वेवरको भनाइअनुसार कसरी व्यवस्थापन गर्ने भन्ने छ । त्यसको समाधान कृषिक्षेत्रमा छोटो समयका कक्षाहरु र अन्य क्षेत्रमा लामो समयका कक्षाहरु खोलेर हुनुपर्छ । जसअनुसार अनौपचारिक कक्षाहरु (चेलीबेटी शिक्षा कार्यक्रम) जस्ता खोलिदिएर दलित बालबालिकाहरुलाई लाभ प्रदान गर्न सकिन्छ भन्ने विचार व्यत्तः गरिएको छ ।

तर समस्या के भने दलित केटाकेटीहरु स्कूलमा भोकै जान नपर्ने खानाको कमी नपर्ने खालका हुनु आवश्यक छ । विद्यालयको समयको परिवर्तन मात्र एउटा बाटो भेटिएको छ । अर्को कुरा आर्थिक सहयोगको छ र केही दलितबाहेक अन्य दलितलाई आर्थिक सहयोगको खाँचो छ यो खाँचो पूरा गर्न भैलो र देउसीको प्रसंग पनि उल्लेख छ । गा.वि.स. र धनी नागरिक समाजबाट पनि यहयोगको अपेक्षा गरिएको छ । विभिन्न उमेरका दलित बालबालिकाका लागि वहुकक्षा शिक्षणको प्रयोग गर्न शिक्षकहरुलाई थप तालिम दिईनु पर्छ । पढाउदा कसरी सिकाउन सकिन्छ भन्ने कुरामा बढी ध्यान दिदै सिक्न नसकेका कुराहरु उनीहरुको अभिभावकलाई भन्नु हुदैन, जसबाट दलितहरुको भनाइमा अन्तरजातीय मित्रताद्धारा भेदभाव हटाउन सकियोस् । दलित छात्रछात्राहरुको उन्नती गराउन शिक्षकहरुको विद्यालयप्रतिको लापरवाही आलोच्य छ तर मजदुरी गर्ने दलितहरु आफ्ना सन्तानलाई राम्रो शिक्षाको वारेमा सम्झाउन सक्दैनन् । त्यसैले हाट बजार जस्तो ठाउँमा यस प्रकारको प्रयोग गर्न सकिन्छ । यसरी अलगै कार्यक्रम गर्दा यसले राजनैतिक रुप लिएर समाजमा

अव्यवस्था ल्याउन सक्छ । सिक्ने जालो निर्माण र आमूल परिवर्तन गर्न मात्र सक्छ । जहाँ संक्रमणकालीन अवस्थाको राज्य छ त्यहाँ मात्र विद्यालयमा आमूल परिवर्तन आउन सक्छ भन्ने कुरा उहाँको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## २.२ अध्ययन क्षेत्रको परिचय (Introduction to Study Area)

यो अध्ययन सुदूरपश्चिमाञ्चल, कैलाली जिल्ला, क्षेत्र नं. १ टी.न.पा. अन्तर्गत वडा नं. ७ रानीकुला मुक्त कमैया शिविर, वडा नं. ८ विजयनगर मुक्त कमैया शिविर र वडा नं. ९ श्री शक्ति मुक्त कमैया समाजसँग सम्बन्धित रहेको छ । यो क्षेत्र करिब २८°१६'३०" देखि २८°३३'३३" बीच उत्तरी अक्षांश र ८१°१०'०५" पूर्वी देशान्तरमा अवस्थित छ । टीकापुर नगरपालिका कर्णालीको किनारामा अवस्थित सुन्दर नगरी मान्न सकिन्छ । तराई प्रदेश पर्ने भएकोले यहाँको हावापानी उष्णखाले छ । यो नगरपालिका समुद्र सतहबाट १४५ देखि १६१ मिटर सम्मको उचाइमा रहेको छ ( जेसीस स्मारिक २००२) । यो स्थान राजमार्गबाट १४ कि.मि. र भारतको सिमानाबाट १५ कि.मि. टाढा रहेको छ । महेन्द्र राजमार्गबाट कच्ची रोडले जोडेको छ । २०५३ सालमा मात्र यो क्षेत्रलाई नगरपालिका बनाइएको हो । यो क्षेत्र पहिले निकै घना जंगलले ढाकिएको थियो । तर २०२४ साल चैत्र २५ गतेका दिन तत्कालीन राजा महेन्द्र वीर विक्रम शाहदेव कञ्चनपुर शुक्लाफाँटा वन्यजन्तु आरक्षको अडैया क्याम्पाको वर्मा वरकौला नामक स्थानमा मुटुको व्यथाबाट पीडित हुँदा शाही चिकित्सकको सल्लाहअनुसार उनलाई स्वास्थ्य प्राप्तिका उद्देश्यले कर्णाली नदीको किनारामा जंगलको बीचमा शाही बंगला निर्माण गरी लयाइएको थियो । परिणामस्वरुप उनीवाट स्वास्थ्य लाभ गरिदैं जाँदा यहीबाट राज्य संचालनको कार्यसमेत संचालन हुन गएको देखिन्छ । यसै ऐतिहासिक घटनालाई जीवन्तता दिन मौसुफ राज भइबक्सेको ठाउँमा करिब ८५ विगाहमा एउटा सुन्दर वाटिका निर्माण गरिएको छ । उक्त स्थान अति रमणीय र मनमोहक रहेको छ । तत् पश्चात यस क्षेत्रलाई नगरको रुपमा विकास गरिएको पाइन्छ । यहाँ विभिन्न क्षेत्रबाट बसाइसराइ गरी आएका मानिसको बाहुल्यता छ । साथै थारु जातिको संख्या उल्लेखनीय छ । यसरी यहाँ विविधतापूर्ण सांस्कृतिक परिवेश देखिएको छ । यहाँको जातिगत स्थिति निम्न तालिकाले प्रष्ट गर्दछ।

## तालिका नं. १

## जातिगत स्थिति विवरण

| जाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ब्राह्मण | २,२०७ | २,१९० | ४,३९७ | ११.९९ |
| क्षेत्री | ३,४६४ | ३,४४७ | ६,९११ | १८.८६ |
| थारु | ८,६७९ | ७,६४२ | १६,३२१ | ४४.५५ |
| दलित | २,७३१ | २,६०६ | ५,३३७ | १४.५६ |
| मगर | ६८४ | ६४३ | १,३३७ | ३.६३ |
| ठकुरी | ८२३ | ७३३ | १,५५६ | ४.२५ |
| सोनार | १६३ | १५५ | ३१८ | ०.८६ |
| मुस्लिम | १५१ | १४० | २९१ | ०.७९ |
| नेवार | ६२ | ५६ | ११८ | ०.३३ |
| गुरुङ्ग | २७ | २५ | ५४ | ०.१४ |
| तामाङ्ग | ७ | ६ | १३ | ०.०४ |
| जम्मा | १९,००० | १७,६४३ | ३६,६४३ | १०० |

*स्रोत : राष्ट्रिय श्रम प्रतिष्ठान, २०६०*

माथिको तालिकाअनुसार जातिगत स्थिति हेर्दा टीकापुर न. पा. मा सबभन्दा बढी थारु जातिको जनसंख्या ४४.५५ प्रतिशत रहेको छ । दोस्रो स्थानमा क्षेत्रीहरुको संख्या १८.८६ प्रतिशत रहेको छ भने तेस्रो स्थानमा दलितहरुको जनसंख्या १४.५६ प्रतिशत रहेको छ । ब्राह्मणहरुको जनसंख्या ११.९९ प्रतिशत रहेको छ भने सबैभन्दा कम तामाङ्गहरुको जनसंख्या ०.०४ प्रतिशत रहको छ । जनसंख्याको दृष्टिकोणले सबैभन्दा बढी थारु र दलित रहे तापनि शैक्षिक दृटिकोणले उनीहरु पिछाडिएको अवस्थामा रहेका छन् । यो अध्ययनको लागि छनौट गरिएको ३वटा मुक्त कमैया शिबिरको जनसंख्या ३,२५५ रहेको छ । उक्त संख्या टीकापुर नगरपाालिकाका थारु जनसंख्याको १९.९४ प्रतिशत रहेको छ । यो अध्ययन पनि थारु जातिबाट निर्माण भएको मुक्त कमैयाबर्गसँग सम्बन्धित भएकोले उनीहरुको संस्कृति र भेषभूषासम्बन्धि जानकारी लिनु उपयुक्त देखिन्छ ।

कमैया भन्ने शब्द थारुहरुकै पर्यायवाची भएर रहेको छ । नेपालमा मोटामोटी २४ जातका थारुहरु पाइन्छन् । त्यसमध्ये कैलालीमा राना, परिहार, बोक्टान, डगौरा, मलवारिया, कठरिया, दगौरिया र ढकेर जातिका थारुहरु बसोबास गर्दछन् (इन्सेक प्रतिबेदन २०४९) । यो जातिको

उत्पत्तिबारे बिभिन्न किम्बदन्ती भए तापनि डोर बहादुर बिष्टले थारुलाई शाक्यवंशज हुन् भनेर यिनीहरुलाई यही क्षेत्रकै आदिबासीको रुपमा किटान गरृका छन् । राना थारु आफूलाई राजपूत भन्दछन् । डगौरा थारुको मूल थलो दाङ्ग उपत्यका हो । तसर्थ थारु जातिमा धेरै सम्प्रदायहरु भएकोले यिनीहरुको भाषा, बिहेबारी, चाडपर्व, देवीदेवता, पूजाआजा आदिमा गहिरो भिन्नता छ ।

आमरुपमा थारुहरुको आकृति मंगोलहरुको जस्तो हुन्छ । यिनीहरु तुलनात्मक रुपमा कालो बर्णका, कम दारी जुङ्गा पलाउने, बाटुलो चेहराका हुन्छन् । कैलालीको थारुको भाषामा अवधि मिश्रित छ । यिनीहरुको आफ्नो लिपि नभएकोले देवनागरी लिपि नै प्रयोग गर्दछन् । थारुहरु माछा, मासु, जाँड-रक्सी खान रमाउँछन् । भात यिनीहरुको मुख्य खाना हो । यिनीहरुको आफ्नै भेषभूषा हुन्छ । लोग्ने मानिसहरुले घुँडासम्म छोप्ने ठूलो धोती र अठन्नी चवन्नी आदि सिक्का जडान गरी टाकको रुपमा प्रयोग गरेको इष्टकोट लगाउँदछन् । धोतीमा बाहिरबाटै देखि ने गरी मोटो धागोको कालो कन्दनी लगायका हुन्छन् । त्यसमा पनि रङ्गी बिरङ्गी धागोका फुर्काहरु अठन्नी चवन्नी जडेका हुन्छन् । हातमा तथा घाँटीमा पनि यस्तै किसिमको मोटो धागोको माला पहिरन्छन् । डगौराले पनि जति ठूलो धोती भएपनि लगौती बनाएर अगाडी पछाडी फुर्का निकाल्दछन् । थारुले बुट्टा भरेको टोपी पनि लगाउँदछन् । आजकालका थारु केटाकेटीहरु आधुनिक कपडा लगाउन थालेका छन् ।

आइमाईहरु कपालमा ठाडो चुल्ठो पार्दछन् । टाउको पछेउराले ढाकेका हुन्छन् । थारु आइमाईहरु गहना मन पराउँदछन् । यिनीहरुका अधिकाशं गहना चाँदीका हुन्छन् । नाकमा सुनको फुली पनि लगाउँदछन् । घाँटीमा रङ्गी बिरङ्गी मुगाको माला लगाउँदछन् । निधारमा चाँदको सिक्रीले बनाएको मगौरी लगाउँदछन् । चनेली सानो र छोटो हुन्छ । पेटको पूरा भाग देखिन्छ । तुना पछाडी बाँधेको हुन्छ । चोलीमा बीसौं किसिमका टाला, कपडा र ऐनाका टुक्राहरु जोडी कुट्टा निकालिएको हुन्छ । घरबाहिर निस्कँदा कालो पछ्यौरा ओढ्छन् । घुँडासम्म छोप्ने लहंगा (घांघर) लगाउँदछन् । हातमा र खुट्टामा चेप्टा चुरी लगाउँदछन् । यिनीहरुको पोशाक आकर्षक र खुबै सिँगारिएको हुन्छ ।

थारु परिवारमा बच्चा जन्मिंदा जन्मेकै दिन इष्टमित्रलाई बोलाई भोज खुवाउँदछन् । बच्चाको नाम राख्दा जन्मेको वार, जन्मेको ठाउँ, जन्मेको बेला, उसको बाबु गएको ठाउँ वा कनै खास घटना घटेको भए सो घटनाको आधारमा राखिन्छ । थारु समाजमा विवाहलाई खुबै महत्व दिइन्छ । भगाएर वा पहिलदेखि कुरा चलाएर २ किसिमबाट विवाह गरिन्छ । यिनीहरुमा खनमेल र बाल विवाह पनि प्रचलित छ । ७-८ बर्षको केटासँग १५-१६ वर्षकी केटी विहे गर्ने चलन पनि छ । साटो विवाह पनि प्रचलित छ । लमीलाई मझ्पटिया भन्दछन् । विवाह माघ, फागुनतिर गर्दछन् । विवाहको कार्यक्रम ५-६ दिनसम्म चल्दछ । भाउजू देवरसँग बस्ने चलन पनि देखिन्छ । केटाले केटी पक्षलाई झाङ्गा (विवाह खर्च) बुझाउनु पर्दछ ।

थारु लाशलाई जलाउँदैनन् । तर गाड्दछन् । काजक्रिया गर्दा गुरुवा (धामी) लगाउँदछन् । ३-४ वा ७ दिनको क्रिया गर्दछन् । कसैकसैले मरेकै दिन घडा फोडेर क्रिया समाप्त गर्दछन् र भोज खान्छन् । मरेको दिन कुखुरा वा सुंगुरको वली दिने चलन पनि पाइन्छ । जुठो परेको ५ औं दिनमा भोज खुवाउँदछन् । १ वर्ष पछि श्राद्ध गर्दछन् । थारुहरु संयुक्त परिवारमा बस्न मन पराउँदछन् । तीनचार पुस्तासम्म पनि नछुट्टी सँगै बस्दछन् । त्यसैले यिनीहरुको परिवार ठूलो हुन्छ । घरमूलीको निर्देशनमा घर चल्दछ ।

दगौरा थारुको प्रमुख चाड गुरीया (साउने संक्रान्ति) हो । थारुहरु धान रोपी सकेपछि हर्दिवा, धान दाई सकेपछि पिंढीया भन्ने चाड मनाउँदछन् । माघे संक्रान्तिलाई माघी भन्छि । यो चाड तीन दिनसम्म मनाइन्छ । थारुका प्रमुख नाचमा सखिया नाच, महर्वा अथवा लठ्ठहवा नाच र कठघोरी नाच पर्दछन् । चाडपर्वमा कर्ज गरेर पनि खुब खर्ग गर्दछन् । गाउँको मुख्य मान्छेलाई भलमानसा वा बडघरिया वा महतों भन्ने गर्दछन् । हरेक उत्सव वा भोजमा उनीहरुलाई आदरका साथ निमन्त्रण गर्दछन् । थारुहरुको प्रमुख पेशा खेती हो । परम्परागत रुपमा खेती गर्ने भएकोले उनीहरुको आम्दानी कम हुने गर्दछ । कमैयाहरु हाल मुक्त भएर पनि मजदुरको रुपमा काम गर्न बाध्य भएका छन् ।

## २.३ घर धुरी तथा जनसंख्या विवरण

कैलाली जिल्ला टीकापुर न.पा. र मुक्त थारु कमैया शिविरको लिङ्गगत जनसंख्या विवरण :-


**तालिका नं. २**

***मुक्त थारु कमैया जातिको लिङ्गगत जनसंख्या विवरण***

| क्र.सं. | विवरण | घरधुरी | पुरुष | महिला | जम्मा | फरक |
|---|---|---|---|---|---|---|
| १ | कैलाली | ९४,३९५ | ३१०३३५ | ३०४३५६ | ६१४६९१ | |
| | प्रतिशत | - | ५०.४८ | ४९.५१ | - | ०.९७ |
| २ | टीकापुर | ६२८७ | १९४४७ | १९२७५ | ३८७२२ | |
| | प्रतिशत | - | ५०.२२ | ४९.७७ | - | ०.४५ |
| ३ | रानीकुला मुक्त कमैया शिविर | ५२ | १५५ | १३९ | २९४ | |
| | प्रतिशत | - | ५२.७२ | ४७.२७ | - | ५.४५ |
| ४ | श्री शक्ति मुक्त कमैया | २८१ | ८५७ | ८१४ | १६७१ | |
| | प्रतिशत | - | ५१.२८ | ४८.७१ | - | २.५७ |
| ५ | बिजयनगर मुक्त कमैया शिविर | २१३ | ६८३ | ६०७ | १२५० | |
| | प्रतिशत | | ५२.९४ | ४७.०५ | - | ५.८९ |

***(स्रोतः जि.शि.का. कैलालीको शैक्षिक स्मारिका-२०६१)***

माथिको तालिकालाई प्रतिशतको आधारमा निम्नअनुसार स्तम्भ चित्रमा पनि प्रस्तुत गर्न सकिन्छ ।




कैलाली जिल्लाको जनसंख्या महिला भन्दा पुरुषको ०.९७ प्रतिशतले बढी रहेको छ । टीकापुर न.पा. को जनसंख्या महिला भन्दा पुरुषको ०.४५ प्रतिशत बढी रहेको छ । तर वडा नं. ७ रानीकुला शिविरको ५.४५ प्रतिशत, वडा नं. ९ श्री शक्ति मुक्त कमैया शिविरको २.५७ प्रतिशत र वडा नं. ८ विजयनगर शिविरको ५.८९ प्रतिशतले पुरुषको भन्दा महिलाको संख्या कम रहेको पाइयो । औसतमा मुक्त कमैया शिविरको जनसंख्या मलिहाभन्दा पुरुषको ४.६३ प्रतिशतले बढी रहेको छ । जुन कैलाली जिल्ला टीकापुर न.पा. को महिला र पुरुषको फरक जनसंख्या प्रतिशतभन्दा अधिक देखिन्छ ।

## २.४ प्राथमिक तहको खूद भर्ना र सम्पुर्ण भर्ना दर

कैलाली जिल्ला, टीकापुर न.पा. र मुक्त थारु कमैया शिविरको खुद भर्ना दर र सम्पुर्ण भर्ना दरको विवरण

**तालिका नं. ३**

***मुक्त थारु कमैया बालबालिकाहरुको खुद भर्ना दर र सम्पूर्ण भर्ना दर विवरण***

| विवरण | खुद भर्ना दर | | | सम्पुर्ण भर्ना दर | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| कैलाली | ८२.२२ | ७४.१७ | ७८.२१ | १२६.९६ | १०९.१० | ११८.०८ |
| टीकापुर | ७६.०५ | ९२.०९ | ८४.०९ | १०५.५६ | १४७.०४ | १२६.१६ |
| ३ वटा मुक्त कमैया शिविर | २१.१५ | ९.२३ | ३०.३८ | २९.५ | ११.६३ | ४१.१६ |

*स्रोत: जि.शि.का. कैलालीको शैक्षिक स्मारिका २०६१*

माथिको तालिकामा कैलाली जिल्लाको खुद भर्ना दर छात्रतर्फ ८२.२२ र छात्रातर्फ ७४.१७ रहेको छ। टीकापुर न.पा.को खुद भर्ना अनुपात छात्रतर्फ ७६.०५ र छात्रातर्फ ९२.०९ रहेको छ। ३ वटा मुक्त कमैया शिविरको छात्रतर्फ २१.१५ र छात्रातर्फ ९.२३ रहेको छ । त्यस्तै सम्पुर्ण भर्ना अनुपात कैलाली जिल्लाको छात्रतर्फ १२२.९७ र छात्रातर्फ १०९.१० रहेको छ । त्यस्तै टीकापुर न.पा. को सम्पुर्ण भर्ना अनुपात छात्रतर्फ १०५.५६ र छात्रातर्फ १४७.०४ रहेको छ । तर मुक्त कमैया शिविरको छात्रतर्फ २९.५ र छात्रातर्फ ११.६३ रहेको छ । तसर्थ मुक्त कमैया बालबालिकाहरुको विद्यालय पहुँचमा न्युनता रहेको छ। तुलनात्मक रुपमा हेर्ने हो भने अध्ययन क्षेत्र (मुक्त कमैया शिविर) को छात्र खुद भर्ना दर कैलाली जिल्ला र टीकापुर न.पा. भन्दा क्रमशः ६१.०७ प्रतिशत र ५५.३५ प्रतिशतले कम रहेको छ। सम्पुर्ण भर्ना दर छात्रतर्फ क्रमशः ९७.४७ प्रतिशत र ७६.०६ प्रतिशतले कम रहेको छ भने छात्रातर्फ सम्पुर्ण भर्ना दर क्रमशः ९७.४७ प्रतिशत र १३५.४१ प्रतिशतले कम रहेको छ । उक्त तथ्याङ्कलाई संरचनावादी चिन्तनबाट हेर्ने हो भने मुक्त कमैया समाजमा महिला र पुरुषमा छोरालाई पढाउने छोरीलाई अर्काको घरमा काम लगाउने संरचना विद्यमान छ । जसले मार्क्सका अनुसार विद्रोह हुने सम्भावाना रहेको छ । तसर्थ यस्तो असन्तुलनलाई घटाउनु पर्ने अवस्था सृजना भएको देखिन्छ।

## २.५ मुक्त कमैया विद्यार्थीको नियमितता

मुक्त कमैया शिविरको पायक पर्ने सार्वजनिक विद्यालयको प्राथमिक तहमा मुक्त कमैया विद्यार्थीहरुको नियमितता विवरणः-

**तालिका नं. ४**

***मुक्त थारु कमैया बालबालिकाहरुको विद्यालय नियमितताको विवरण***

| विद्यालयको नाम | जम्मा विद्यार्थी | | | उपस्थित औसतविद्यार्थी | | | उपस्थित प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| कालिका प्रा.वि. राजीपुर | ६१ | ३४ | ९५ | ४७ | २८ | ७५ | ३०.७१ | १८.३० | ४९.०१ |
| जनजागृतिमा.वि.सीतापुर | ३१ | २३ | ५४ | २३ | १७ | ४० | १५.०३ | ११.११ | २६.१५ |
| रा.मा.वि. मनिकापुर | २९ | २३ | ४७ | २४ | १४ | ३८ | १५.६८ | ९.१५ | २४.८४ |
| जम्मा | १२१ | ७५ | १९६ | ९४ | ५९ | १५३ | ६१.४४ | ३८.५६ | १०० |

*स्रोतः- विद्यालयको अभिलेख, २०६१*

माथिको तालिकामा सबभन्दा बढी विद्यार्थीहरु कालिका प्रा.वि. राजीपुरमा भर्ना पाइयो । विशेष गरेर विजयनगर कमैया सिविरको बालबालिका यस विद्यालयमा अध्ययनरत रहेका छन् । त्यसपछि जनजागृतिमा मा.वि. सीतापुर जसमा श्री शक्ति नगर कमैया शिविरका बालबालिका अध्ययनरत रहेको पाइयो । साथै रा.मा.वि. मनिकापुरमा रानीकुला शिविरका बालबालिका अध्ययनरत रहेका छन् । साथै उपस्थित प्रतिशत हेर्दा छात्रतर्फ ६१.४४ प्रतिशत र छात्रातर्फ ३८.५६ प्रतिशत र पनयमित विद्यालयमा अध्ययनरत रहेको पाइयो । कालिका प्रा.वि.मा छात्रको उपस्थिति ३०.७१ प्रतिशत र छात्राको उपस्थित १८.३० प्रतिशत रहेको छ त्यस्तै जननागृति मा.वि सतिापुरको छात्र उपस्थिति १५.०३ प्रतिशत र छात्रा उपस्थिति ११.११ प्रतिशत रहेको छ । रा.मा.वि मनिकापुरमा छात्र उपस्थिति १५.६८ प्रतिशत र छात्रा उपस्तिति ९.१५ प्रतिशत रहेको पाइयो । उपस्थितिको स्थिति सबभन्दा राम्रो कालिका प्रा.वि मा देखिन्छ भने छात्रा उपस्थिति सबै विद्यालयमा न्यून देखिन्छ । तसर्थ उपस्थितिको प्रभाव शिक्षाको गुणस्तरमा पर्ने भ्उकोले उपस्थिति बढाउन विभिन्न उपाय अवलम्वन गर्नुपर्ने देखिन्छ ।

## २.६ मुक्त कमैयाका सम्बन्धमा विभिन्न संघसस्थाहरुले खेलेको भूमिका

### ४.६.१. सरकारी संस्था

मुक्त थारु कमैयाको शिक्षा तथा साक्षरता सम्बन्धमा निम्न सरोकारवाला सरकारी संस्थाले तपसिलअनुसारको भूमिका खेलेको पाइन्छ ।

**(क) टीकापुर नगरपालिका कार्यालय**

टीकापुर न. पा. संग मुक्त थारु कमैया बालबालिकाको शिक्षा सम्बन्धी जानकारी लिदा के स्पष्प देखियो भने कमैया बालबालिकाको साक्षरता सम्बन्धी कुनै खास कार्यक्रम तर्जुमा गरी लागु गरिएको पाइएन । तर उनीहरुको अभिभावकको अनुरोध भएमा विभिन्न सरकारी तथा निजी विद्यालयलाई निःशुल्क पढाईदिने सिफारिस गरिएको पाइयो । साथै यस आर्थिक वर्षमा ५७ जना मुक्त कमैयाका बालबालिकालाई जनही रु. ५००/- देखि १५००/- सम्म अनुदान सहयोग दिइएको पाइयो । यसका अतिरिक्त कमैया साक्षरतामा काम गर्ने संस्थालाई सहयोगका लागि ११९ जनाको सिफारिस गरिएको पाइयो ।

**(ख) सार्वजनिक विद्यालयहरु**

नमूना छनौटका विद्यालयहरुमा प्रा.वि. तहमा सरकारबाट निः शुल्क पठनपाठन गर्ने व्यवस्था मिलाइएको पाइयो । शिक्षक दरबन्दी कम भएका विद्यालयमा निजी स्तरबाट शिक्षक राखी केही

शुल्क लिने गरिएको पाइयो । तर उक्त विद्यालयमा अध्ययनरतभए मुक्त कमैयाका विद्यार्थीहरुलाई निः शुल्क अध्यापन गरिएको पाइयो ।

**(ग) जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्र टीकापुर**

जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्र टीकापुरले मुक्त कमैयाका बालबालिकाको छुट्टै तथ्याङ्क राखेको पाइएन । तर विभिन्न संघसंस्थाको साझेदारीमा मुक्त कमैया शिविरमा "बाल विकास केन्द्र" र "प्राथमिक शिक्षा विस्तार कार्यक्रम" अन्तर्गतभए ९ वटा वैकल्पिक विद्यालय कक्षाहरु मुक्त कमैया शिविरमा संचालन गरिएको पाइयो । साथै आर.पी. र जि.शि.का. को बालबालिकालाई विद्यालयमा सहभागी गर्न जागरण र चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्छ भन्ने धारणा पाइयो । भविष्यमा वैकल्पिक कक्षाहरु वृद्धि गर्ने र मुक्त कमैयाका बालबालिकाको लगत राखी सहयोगका लागि सरकारी र गैरसरकारी संस्थालाई छात्रवृत्ति शुल्क र अन्य शैक्षिक सामाग्रीको लागी अनुरोध गर्ने योजना रहेको पाइयो। कमैया शिविरमा विद्यालय संचालन भएमा सरलरुपले अनुमती दिने प्रावधान रहेको पनी पाइयो ।

**(घ) भूमीसुधार कार्यालय कैलाली**

मुक्त थारु कमैया जातीको शिक्षा तथा साक्षरता सम्बन्धी जानकारी लिंदा कमैयाहरुलाई बसोबास गर्ने उद्धेश्यले रातो , निलो , पहेलो र सेतो कार्डधारीहरुलाई विवरण र कमैयाको जनसंख्या राखेको पाइयो । कमैयाहरुलाई भुमि वैंक मार्फत आधा बिगाहा जग्गा किन्न १.५ लाख १५ वर्ष ऋण चुक्ता गर्न सस्तो सुविधा दिई जग्गा वितरण गरेको पाइयो । कमैया बालबालीकाहरुको लागी सीपमुलक तालिम संचालन गरेको पाइयो । साथै कमैया बालबालीकाहरुलाई शिक्षाको पहुचमा ल्याउनको लागी सेमिनार , गोष्ठी संचालन गर्नुपर्ने , सीपमुलक र जिपनोपयोगी शिक्षा प्रदान गर्नुपर्ने , साथै विशेष शिक्षा प्याकेज ल्याउनुपर्ने धारणा रहेको पाईयो ।

## २.६.२. गैरसरकारी संघ

**(क) सीमाविहीन स्वयं सेवक टीकापुर**

यस संस्थाको उद्देश्यमा टुहुरा, अनाथ, असहाय, बेबारीसे बालबालीकालाई शिक्षाको अवसर प्रदान गर्न सहयोग गर्ने, विभिन्न प्राविधिक शिक्षाको अवसर प्रदान गर्ने, साक्षरता कार्यक्रम संचालन गर्ने, बालगृह स्थापना र संचालन गर्ने आदी शिक्षा संग सम्बन्धीत उद्देश्यहरु रहेका छन् ।

यस संस्थाले मुक्त कमैयाहरुको शिक्षातर्फ बढी जोड दिएको पाइन्छ । जग्गा नभएका गरिब कमैयाका छोराछारीहरुसमेतलाई औपचारिक शिक्षाका लागि लिटिल स्टार ई. बो. स्कूल मा शिक्षा, विद्यालय पोशाक, कापी, कलम, किताबजस्ता शैक्षिक सामग्री निःशुल्क उपलब्ध गराउनुका साथै

अन्य विद्यालयका गरिब बालबालिकाहरुलाई पनि छात्रवृत्ति सुविधा उपलब्ध गराउदै आएको छ । भने सीमाविहीन स्वयं सेवक संस्थाले अन्तर्राष्टिय गैरसरकारी संस्था ए.भी.एस.एफ. इटलीको सहयोग प्राप्त गरिराखेको छ ।

अनौपचारिक शिक्षातर्फ बेलुवा, धर्मापुर, थापापुरका कमैया शिविरका २०-२० जना बालबालिकाहरुलाई १० महिने अनौपचारिक शिक्षा तथा दुई जोर पोशाक उपलब्ध गराई उनीहरुको स्तरअनुरुपका कक्षाहरुमा विद्यालय भर्ना गरिसकेको छ भने हाल श्री शक्ति कमैया समाज शिविरमा २० जना र दुर्गौली कमैया शिविरमा २० जनालाई अनौपचारिक शिक्षा प्रदान गरिरहेको छ । संस्थाद्धारा संचालित बालगृहमा पनि कमैया परिवारका अनाथ बालबालिकाहरुलाई समेत भर्ना गरी शिक्षा, स्वास्थ्य, आवास, खाना, कपडा लगायतका सुविधा प्रदान गर्ने गरिएको छ ।

**(ख) सृजनशील समाजको सृजना कैलाली**

यस संस्थाबाट कैलाली जिल्लाका मुक्त थारु कमैयाका १८ देखि २५ बालबालिकाको शिक्षाको लागि आइ.एल.ओ. को सहयोगमा प्रत्यक्ष सहयोग गरिएको छ । प्रत्येक बालबालिकालाई भर्ना, पढाई शुल्क, स्टेशनरी, किताब, कापी, लुगा वाफत रु. ४००/- बराबरको सहयोग गरेको पाइयो ।  साथै कम्लहरी पुर्नस्थापना कार्यक्रम संचालन गरेको पाइयो ।

**(ग) अन्तर्राष्ट्रिय ऐक्यवद्धता समूह (ग्रिन्सो) नेपाल सु.प. क्षेत्रीय कार्यालय, धनगढी**

यसले आइ.एल.ओ. को सहयोगमा १९०४ जनालाई विद्यालय पोशाक, स्टेशनरी र अन्य शैक्षिक सामग्री उपलब्ध गराएर प्रत्यक्ष सहयोग गरिएको पाइयो । कमदरिया (कम्लहरी) पुर्नस्थापनाका लागि मुक्त थारु कमैयाका बालबालिकालाई कामबाट मुक्त गराई विद्यालय भर्ना गराउने र निरन्तर विद्यालय जाने वातावरण बनाउन प्रतिबालिका ४९७०र( का दरले वंगुर, बाखा पालनका लागि सहयोग गरिएको पाइयो । यसबाट ४० बालिका लाभान्वित भएको पाइयो । चेतनामूलक कार्यक्रम संचालन, भौतिक तथा आर्थिक स्थितिमा सुधार गर्ने, विद्यालय खाजाको व्यवस्था गर्ने आदि उद्देश्य लिएको पाइयो ।

माथिको अध्ययनबाट कमैया बालबालिकाको विद्यालयमा भर्ना नहुनु, नियमित पढाइ संचालन गर्न नसक्नु र विद्यालयको पढाइ पुरा नगरी बिचैमा छोड्नुमा घरायसी कार्यको बोझ, पढ्ने रुचि नहुनु, परीक्षामा असफल हुनु, आर्थिक कमजोर हुनु, आयमूलक कार्यमा संलग्न हुनु, शिक्षकको व्यवहार समानतामूलक नहुनु, अभिभावकको शैक्षिक चेतनामा कमी हुन र व्यवसायमूलक शिक्षा नहुनु आदि तत्वहरु कारक रहेको पाइयो ।

## २.७ अध्ययनको वैचारिक खाका (Conceptual Frame work)

सामाजिक परिवर्तन कसरी हुन्छ भन्ने कुरा पूर्व अनुमान लगाउन सकिदैन र झट्ट भन्न पनि सकिदैन । सामाजिक परिवर्तन योजनापद्ध विकास र सुधारात्मक कार्यक्रमको कार्यान्वयनबाट हुन्छ भने क्रान्तिबाट पनि परिवर्तन हुन्छ । मानव समाज गतिशिल छ । यो समय र परिस्थिति अनुसार परिवर्तन भैरहेको छन् । साथै सामाजिक पक्ष, सामाजिक प्रक्रिया, सामाजिक गतिरुप, सामाजिक अन्तरक्रिया वा संगठनहरुमा उँचनीच हुनासाथ सामाजिक परिवर्तन हुन्छ। नेपाली समाजमा जाती, धर्म,अर्थ,र पेशा आदिको कारणले गर्दा सामाजिक विभेद रहेको पाईन्छ । यस विभेदबाट तराईको कैलाली, ककंचनपुर र बर्दिया जिल्लामा बसोबास गर्ने थारु जाती पनि चोखो रहन सकेका छैनन । उनीहरुको समाजमा पनि जमिन्दार,किसान र कमैया वर्ग विगत लामो समयदेखि विद्यमान अवधि सम्म रहेको थियो । त्यसमा कमैया वर्ग भूमिविहिन वर्गका रुपमा रहेको थियो । जसले समानतामूलक समाजमा बाधा सृजना भएको हो भन्न सकिन्छ ।

मुक्त कमैया जातीहरुको अध्ययनबाट प्राप्त जानकारी एवं तथ्याङ्कलाई व्याख्या, विश्लेषण गर्न मूलतः २ वटा समाजशास्त्रीय बैचारिक खाकाको उपयोग गरी विचार विश्लेषण गरिएको छ ।

## Robert Merton (१९४९) को संरचनात्मक कार्यवाद सिद्धान्त

### (Structured Functionalism Theory)

सिंगो व्यवस्था (Whole System) संग सम्बन्धित रही सम्बन्धित इकाईहरुले जे जस्तो सकारात्मक भूमिका निर्वाह गर्दछन् । त्यसलाई संरचनात्मक प्रकार्य भनिन्छ । सामाजिक व्यवस्था भित्र यी संलग्न इकाईहरु आ आफ्ना भूमिका निर्वाह गर्दा सामाजिक व्यवस्थामा सकारात्मक पर्छ भन्ने मान्यता राखिए पनि सबै अवस्था र सन्दर्भमा त्यसको प्रभाव नकारात्मक पनि रहन्छ र यही सामाजिक व्यवस्थामा इकाईहरुको सकारात्मक तथा नकारात्मक प्रभाव कसर परिरहेको हुन्छ भन्ने कुराको सैद्धान्तिक अध्ययन नै संरचनात्मक प्रकार्यवादको सिद्धान्त हो । R. Merton ले यसलाई चार भागमा विभाजन गरेका छन्

1= सुकार्य (EU-Function)

2= अकार्य (DE- Function)

3= नकार्य (Non-Function)

4= लुप्त कार्य (Latent - Function)

समाजलाई एकीकृत गर्न एउटा न एउटा संरचनाको निर्माण प्राचिन समय देखि नै गरिदै आएको पाईन्छ । यस्ता सामाजिक संरचनामा दास समाज,सामन्ती समाज र पूंजिवादी समाज पर्दछन् । यी सम्पूर्ण समाजमा दुईवटा वर्ग रहेका पाईन्छ । जस्तै दास समाजमा दास र मालिक,

सामन्तवादी समाजमा जन्मिदार र मोही, पूंजीवादी समाजमा मालिक र श्रमिक दुई वर्ग रहेको पाईन्छ । एउटामा स्वामित्व रहेको हुन्छ भने अर्कोले जति सुकै काम गरेपनि पेट भर्न धौधौ परिरहेको हुन्छ । तर पेट काटेर स्वामीको हितमा काम गर्नु नै न्याय ठहरिन्छ । नेपालको कैलाली, कंचनपुर, वांके र बर्दीया जिल्लामा बस्ने थारु जातीमा एउटा वर्ग २०५७ साल पहिले कमैयाको रुपमा लामो समयदेखि कार्यरत रहेको पाईन्छ । जसमा जमिन्दार मालिकको रुपमा रहेको थियो भने कमैयाहरु श्रमिकको रुपमा लामो समयदेखि कार्यरत रहेका थिए । कमैयाले रातदिन काम गरेर पनि वांच्न धौधौ थियो भने जमिन्दारहरु ऐसआराम गरिरहेका थिए । यसलाई उनीहरु न्याय ठान्दथे । २०५७ साल श्रावण २ गतेदखि कमैयाहरु मुक्त भएको घोषणा गरिएको छ । तर उनीहरु मुक्त भए पनि उनीहरुका गास, वास र कपासका साथै शिक्षा स्वास्थ्य सम्बन्धी समस्याहरु यथावत् रहेको पाईन्छ । तसर्थ यस अध्ययनमा उपर्युक्त सिद्धान्तको अनुसरण गर्नु सान्दर्भिक हुन्छ । ( वाग्ले मनप्रसाद, २०५७)

**कार्ल मार्क्स (१८१८-१८८३) को वर्ग संघर्षको सिद्धान्त**

## (**Class Struggle Theory** )

मार्क्सवाद समाजको स्थायित्व र परिवर्तनको संयन्त्रको वैज्ञानिक विलेश्षण हो । समाजका केही धनी व्यक्तिहरुले सिंगो समाजका अधिकांश गरिब व्यक्तिहरुलाई गरेको शोषणले समाजिक अन्तरविरोध उत्पन्न गर्ने र यसवाट हुने संघर्ष नै वर्ग संघर्ष हो भन्ने मान्यता मार्क्सवादको रहेको छ ।

व्यक्तिको विचार चिन्तन र कार्य सामाजिक निर्धारक होइन तर पूँजीवादी आर्थिक संरचनाले व्यक्तिका क्रियाकलाप र विचारलाई प्रभावित गर्दछ । यसैवाट सामाजिक व्यवस्थाको निर्माण हुन्छ । त्यसैले आर्थिक व्यवस्था र प्रणालीको परिवर्तनसंगै सामाजिक व्यवस्थामा परिवर्तन आउँछ भन्ने विलेश्षण मार्क्सवादमा आधारित छ ।

श्रमको शोषण के कसरी भएको हुन्छ भने तथ्यमा आधारित सिद्धान्तनै अतिरिक्त मूल्यको सिद्धान्त हो । वस्तु तथा सेवाको उत्पादनको मूल्य श्रमले निर्धारण गर्ने यथार्थ नियम रहदा रहदै पनि पूँजीवादी अर्थ व्यवस्थामा वास्तविक श्रमको मूल्य श्रमिकले पाएका हुँदैन । यसवाट एकता र विरोध बढ्छ यस अवस्थामा तल्ला खालका सबै वर्ग सर्वहारा वर्गको पंक्ति गोलबन्द भई पूँजीपति वर्गको शोषण विरुद्ध आन्दोलन वा क्रान्तिको घोषणा गर्दछ ।

मार्क्सका विचारमा जुनसुकै समाजमा पनि प्रमुख रुपले दुईवटा वर्गहरु रहेको हुन्छन् । एउटा शोषक वर्ग र अर्को शोषित वर्ग । समाजको त्यो वर्ग जससंग उत्पादनका साधनहरु हुन्छन् त्यसलाई शोषक वर्ग र जससंग केवल शारीरीक श्रम वाहेक केहि हुदैंन, त्यसलाई शोषित वर्ग

भनिन्छ । मार्क्स भन्दछन् :- “आजसम्म भएको समाजको इतिहास भनेको वर्ग संघर्षको इतिहास हो । एउटै शब्दमा भन्दा शोषक र शोषित सधै एक अर्काको विरोधमा खुलेर कहिले लुकेर निरन्तर युद्ध गरिरहेको हुन्छन् । यो नै समाजको द्वन्द्वात्मक सिद्धान्त हो । ”उनले कसरी शोषक वर्गले शोषित वर्गलाई शोषण गरी ऐसआराम गरिरहेको हुन्छन् भनी आफ्नो प्रसिद्ध पुस्तक दास क्यापिटल (Das Capital) मा अतिरिक्त मूल्यको सिद्धान्त Theory of surplus value मा व्याख्या गरेका छन् । कुनै पनि बस्तुको उत्पादनमा संलग्न भएको मजदुर (शोषित) लाई पूजिपति (शोषक) ले दिएको ज्याला तथा अन्य लागत खर्च र उत्पादित बस्तुको विनियम मूल्य, बिचको फरक मूल्य वा बचेको मूल्यलाई नै अतिरिक्त मूल्य भनिन्छ । यहि अतिरिक्त मूल्यका कारण शोषक वर्गका विचमा सधै द्वन्द्वको स्थिति रहेको हुन्छ । *(शर्मा चिरन्जीवी, २०६१)*

नेपालका कमैयाहरु पनि २०५७ साल श्रावण २ गते पहिले भूपतिद्धारा शोषित भैरहेको थिए । उनीहरुले उत्पादन गरेको खाद्यान्नको लागतमूल्य र त्यसको विनिमय बजारमूल्यका विचमा अन्तर थियो । उनले पाउने पारिश्रमिक उत्पादनको तुलनामा ज्यादै न्यून रहेको थियो । उनीहरुले यसका विरुद्ध विभिन्न संघर्षका कार्यक्रमहरु संचालन गरिएका थिए । साथै विभिन्न मानव अधिकारवादी तथा अन्य संघ संस्थाले उनीहरुको कार्यक्रममा एक वद्धता जनाए । फलस्वरुप यस प्रथाबाट मुक्त हुन सफल भए । यस घटनाले उपर्युक्त मार्क्सको सिद्धान्तको उपयुक्तता र सार्थकतालाई झल्काउछ ।

# अध्याय -३

# अध्ययन विधि (Research Methodology)

यस अध्ययन विषयवस्तु मुक्त थारु कमैयाको शिक्षासंग सम्बन्धीत भएकोले त्यस विषयसंग सम्बन्धीत अध्ययन प्रक्रिया अवलम्वन गरिएको छ । अध्ययन विधि जति प्रभावकारी भयो, अध्यापन कार्य पनि त्यतिकै प्रभावकारी भै यथार्थ निष्कर्ष पत्ता लाग्ने भएकोले उपयुक्त र सान्दर्भिक विधिको प्रयोग गर्ने प्रयास गरिएको छ । अध्ययन विधिमा तथ्याङ्कको स्रोत, नमुना छनौट, शोधका साधन, डायरी रिपोर्ट र तथ्याङ्क संकलन प्रक्रिया, आदिलाई व्यवस्थित रुपमा चयन गर्ने र कार्यान्वयन गर्ने प्रयास गरिएको छ ।

## ३.१ अध्ययन ढाँचा (Research Design)

यस अध्ययन कार्यमा विषय वस्तुसंग सम्बन्धित अन्तर्वाता, प्रश्नावली, अवलोकन, तथ्याङ्क संकलन आदिबाट प्राप्त जानकारी र तथ्याङ्क विश्लेषणका लागि व्याख्यात्मक र वर्णात्मक अध्ययन ढाँचाको प्रयोग गरिएको छ । समस्यासंग सम्बन्धीत विभिन्न सामग्रीलाई अध्ययनको आधार बनाइएको छ । तथ्याङ्क संकलनमा संख्यात्मक र गुणात्मक दुवै पक्षलाई समेटिएको छ ।

## ३.२ तथ्याङ्कको स्रोत (Sources of Data)

अध्ययनको लागि जानकारी संकलन गर्ने क्रममा प्राथमिक र सहायक स्रोतहरुको प्रयोग गरिएको छ । प्राथमिक स्रोतहरु सरोकारवाला र सम्बन्धीत समस्यासंग परिचित व्यक्ति वा संस्थासंग लिइएको अन्तर्वाता, छलफल, अवलोकन आदि रहेका छन् । यसका अतिरिक्त सहायक स्रोतमा जि.शि.का., भूमिसुधार, नगरपालिका, विद्यालय तथा गैरसरकारी संस्था र विभिन्न पत्रपत्रिकामा प्रकाशित जानकारीहरु र समाचारका माध्यम तथा लेख रचना आदि रहेको छन् ।

## ३.३ तथ्याङ्क संकलन विधि (Data collection Method)

यस अध्ययनमा आवश्यक तथ्याङ्क गर्दा निम्नलिखित विधिहरु अवलम्वन गरिएको थियो ।

***क) सर्वेक्षण :-*** अनुसुचिमा उल्लेखित सर्वेक्षण फाराम  तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको छ ।

***ख) सहभागितामूलक अवलोकन :-*** शोधकर्ता स्वयं मुक्त कमैया शिविरमा सहभागी भै विभिन्न जानकारी लिने कार्य गरिएको छ ।

***ग) छलफल :-*** सरोकारवाला व्यक्ति वा समूहसंग छलफल कार्यक्रम गरी जानकारी लिने काम गरिएको छ ।

***घ) प्रश्नावली :-*** खुल्ला तथा बन्द प्रश्नावली निर्माण गरी प्राथमिक तथा द्वितिय तथ्याङ्क संकलन गरिएको छ ।

***ङ) अन्तर्वार्ता :-*** सरोकारवाला व्यक्ति वा संघसंस्थासंग अन्तर्वार्ता मार्फत् जानकारी संकलन गरिएको छ ।

## ३.४ अध्ययनको क्षेत्र (Area of Study)

यस अध्ययनको लागि सुदुर पश्चिमाञ्चल विकासक्षेत्र, कैलाली जिल्लाको टीकापुर नगरपालिका वडा नं. ७ रानीकुलाको किनारामा अवस्थित कमैयाको शिविर, वडा नं. ९ हवाईमैदानमा रहेको श्री शक्तिनगर मुक्त कमैया शिविर र वडा नं. ८ राजीपुर विजयनगर शिविर र त्यसको नजिकै पर्ने श्री रा.मा.वि. मनिकापुर, जनजाग्रती मा.वि. सितापुर, कालिका मा.वि. राजीपुर गरी जम्मा ३ वटा विद्यालयहरुलाई अध्ययनको लागि छनौट गरिएको छ ।

## ३.५ अध्ययनको समग्रता र नमुना छनौट विधि (Universality & Sample Selection Technique)

शोध अध्ययन क्षेत्र टीकापुर नगरपालिका वडा नं. ७ रानीकुला शिविरका ५२ घरपरिवार मध्ये १० घरपरिवार, वडा नं. ८ विजयनगर शिविरका २१३ घरपरिवार मध्ये ४२ घरपरिवार र श्री शक्ति नगर मुक्त कमैया समाज शिविरका २८१ घरपरिवार मध्ये ५५ घरपरिवारको संख्या रहेको छ । अर्थात ३ वटै शिविरका गरि जम्मा ५४६ जना मुक्त कमैया मध्यवाट १०७ जना उत्तरदाता छनौट गरिएको छ । जुन कुल जनसंख्याको लगभग २० प्रतिशत रहेको छ । यो संख्या संयोगात्मक क्रियाद्धारा छनौट गरिएको छ ।

नमूना छनौट गर्दा हालसम्म यस क्षेत्रमा अध्ययन प्रभावकारी रुपमा संचालन नभएको कुरा महसुस गरी टीकापुर न.पा. वडा नं. ७ रानीकुला, वडा नं. ८ विजयनगर, वडा नं. ९ श्री शक्तिनगर मुक्त कमैया समाजलाई अध्ययनको लागी छनौट गएिको छ । मुक्त शिविरका बालबालीका अध्ययन गर्ने क्रमशः श्री रा.मा.वि. मनिकापुर, जनजागृति मा.वि.  सीतापुर, कालिका

मा.वि. राजीपुरलाई उद्देश्यमूलक छनौट विधिद्धारा छनौट गरिएको छ । अन्तर्वार्ताका लागि उक्त विद्यालयका प्र.अ. सहित प्रत्येक विद्यालयका ३ जना शिक्षकलाई छनौट गरिएको छ । विद्यालयमा अध्ययनरत र विद्यालय नजाने बालबालिकाबाट उद्देश्यपूर्ण छनौट विधिको आधारमा प्रश्नावली मार्फत् सूचना तथा तथ्याङ्क संकलन गरिएको छ ।

*तालिका नं. ५*

*अध्ययन क्षेत्र, समग्रता र क्षेत्र छनौट तालिकाको विवरण*

| क्र.स. | विवरण | जम्मा | छनौट | प्रतिशत |
|---|---|---|---|---|
| १ | वडा नं. ७ रानीकुला शिविर | ५२ | १० | १९.२३ |
| २ | वडा नं.८ विजयनगर शिविर | २१३ | ४२ | १९.७१ |
| ३ | वडा नं. ९ श्री शक्तिनगर मुक्त कमैया शिविर | २८१ | ५५ | १९.५७ |
| | **कुल जम्मा** | **५४६** | **१०७** | |

*स्रोतः शोध सर्वेक्षण, २०६३*

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया (Data collection Procedure)

तथ्याङ्क संकलन गर्न अध्ययनकर्ता स्वयं अध्ययन क्षेत्रको र त्यस क्षेत्रसंग सम्बन्धीत व्यक्ति संघसंस्थामा भ्रमण तथा सम्पर्क गरी प्रश्नावलीका माध्यमले छनौट गरिएका नमूना घरपरिवारका अभिभावक तथा बालबालिकासंग अध्ययनको उद्देश्यसंग सम्बन्धीत विभिन्न जानकारी लिइएको थियो । अन्तर्वाता र अवलोकनका क्रममा प्राप्त जानकारी तथ्याङ्कहरु टिपोट गर्ने कार्य गरियो । अध्ययन कार्यलाई पूर्णता प्रदान गर्न प्र.अ., शिक्षक, न.पा., कर्मचारी, स्रोतव्यक्ति, जि.शि.का., भूमिसुधार, सीमाविहिन स्वयं सेवक टीकापुर, सी.सी.एस.र ग्रिन्सोबाट अन्तर्वाता र छलफल आदिको माध्यमले विभिन्न जानकारी तथा तथ्याङ्क संकलन गरियो । यसरी प्राप्त सूचना तथा जानकारीलाई यस अध्ययनको अध्याय चारमा विश्लेषण गरिएको छ ।

# अध्याय-४

## तथ्याङ्क विष्लेषण र प्रस्तुतिकरण

## (Data Analysis and Presentation)

यो अध्ययन टीकापुर नगरपालिकाका तीनवटा शिविरहरु क्रमशः वडा नं. ७ को रानीकुाल शिविर, वडा नं. ८ को विजयनगर शिविर र वडा नं. ९ को श्री शक्ति मुक्त कमैया समाज शिविरसँग सम्बन्धित रहेको छ । प्रत्येक शिविरबाट क्रमशः १०,४२,र ५५ गरी जम्मा १०७ घरपरिवालाई नमूनाको रुपमा छनौट गरी जानकारी प्राप्त गरिएको छ । तिनीहरुका बालबालिका अध्ययन गर्नै ३ वटा विद्यालय क्रमशः कालिका प्रा.वि., जनजागृति मा.वि. र रा.मा.वि. लाई अध्ययनका लागि उपयोग गरिएको छ । यसका अतिरिक्त न.पा., श्रोत केन्द्र, जि.शि.का., भूमिसुधार, सीमाविहीन स्वयं सेवक, सि.सि.एस, र ग्रिन्सो संस्थाहरुबाट पनि जानकारी लिने कार्य भएको छ । यसका लागि अन्तर्वार्ता, प्रश्नावली, छलफल, सर्वेक्षण आदि तथ्याङ्क संकलनका औजारहरु प्रयोग गरिएको छ । माथि उल्लेखित विद्यालय र संघसंस्थाका सरोकारवाला महानुभावहरुसँग सम्पर्क गरी विभिन्न तथ्याङ्क र सूचना संकलन गर्ने कार्य भएको थियो । यस्ता जानकारीहरु बालबालिकाको विद्यालय पहुँच न्यून हुनाका कारणहरु, अभिभावकको शिक्षाप्रतिको दृष्टिकोण र सम्भावित सहभागिता वृद्धिका लागि अपनाउनु पर्ने उपायका सम्बन्धमा आधारित रहेको छ । यस अध्ययनबाट प्राप्त सुचना र तथ्याङ्कहरुलाई बुँदागत रुपमा निम्नानुसार व्याख्या, विश्लेषण र प्रस्तुती गरिएको छ ।

***तथ्याङ्क व्याख्या, विश्लेषण र प्रस्तुतीकरण गर्ने आधारका बुँदाहरु :-***

1= अध्ययन क्षेत्रको परिचय सम्बन्धी विवरण ।

2= कैलाली जिल्ला, टीकापुर नगरपालिका र मुक्त थारु कमैया शिविरको लिङ्गगत जनसंख्या विवरण ।

3= मुक्त थारु कमैयाका तीनवटा शिविरका ५४६ घरपरिवारमध्ये १०७ घरपरिवारमा गरेको सर्भेक्षणको आधारमा प्राप्त विद्यालय जाने र नजाने बालबालिकाको विवरण ।

4= शिविरका १०७ वटा घरपरिवारबाट प्राप्त तथ्याङ्कको आधारमा बनाईको विद्यालय जाने बालबालिकामा कम उमेर, ठीक उमेर र बढी उमेरका बालबालिकाको विवरण ।

5= सहजै देखिने भर्नादर र खुद भर्ना दर विवरण ।

6= तीनवटा सार्वजनिक विद्यालयको मुक्त कमैया विद्यार्थीहरुको विद्यालय नियमितता सम्बन्धी विवरण ।

7= तीनवटा सार्वजनिक विद्यालयका मुक्त थारु कमैया विद्यार्थी बालबालिकाको प्राथमिक तहमा परीक्षाको उपलब्धि र विद्यालय छोड्ने दर सम्बन्धी विवरण ।

8= मुक्त थारु कमैया अभिभावको साक्षरता प्रतिशत ।

9= मुक्त थारु कमैया अभिभावकको प्राथमिक शिक्षाप्रतिको धारणा ।

10= शिक्षकहरुको मुक्त थारु कमैया बालबालिकाप्रति गर्ने व्यवहार ।

11= प्र.अ. र शिक्षकको मुक्त कमैया बालबालिकाप्रतिको धारणा ।

12= मुक्त थारु कमैया बालबालिकाहरु विद्यालयमा नियमित हुन नसक्नु र विद्यालय छोड्नुका कारणहरु ।

13= सम्बन्धित संघसंस्थाहरुले खेलेको भूमिका ।

## ४.१ १०७ घरपरिवारको आधारमा प्राप्त विद्यालय जाने र नजाने बालबालिकाको विवरण

टीकापुर न.पा. अन्तर्गत वडा नं. ७ रानीकुला शिविर, वडा नं. ८ विजयनगर शिविर र वडा नं. ९ श्री शक्तिनगर मुक्त कमैया शिविरको ५४६ घरपरिवार मध्ये १०७ परिवारको विद्यालय जाने र नजाने बालबालिकाको विवरण :-


**तालिका नं. ६**

**छनौट गरिएका घरपरिवारको आधारमा विद्यालय जाने र नजाने बालबालिकाको विवरण**

| विवरण | जम्मा बालबालिका | | | विद्यालय जाने बालबालिका | | | विद्यालय नजाने बालबलिका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| रानीकुला | ४५ | ३१ | ७६ | २१ | १२ | ३३ | २४ | १९ | ४३ |
| श्री शक्ति कमैया शिविर | १३१ | ७४ | २०५ | ६३ | २३ | ८६ | ६८ | ५१ | ११९ |
| विजयनगर शिविर | ११५ | ५९ | १७४ | ४८ | १७ | ६५ | ६७ | ४२ | १०९ |
| जम्मा | २९१ | १६४ | ४५५ | १३२ | ५२ | १८४ | १५९ | ११२ | २७१ |
| प्रतिशत | ६३.९५ | ३६.०४ | | २९.०१ | ११.४२ | ४०.४३ | ३४.९४ | २४.६१ | ५९.५६ |

***स्रोतः शोध सर्वेक्षण, २०६३***

### विद्यालय जाने र नजाने बालबालिकाको वृत्तचित्र




माथिको तालिकाले विद्यालयमा सहभागी भएका र सहभाण्गी नभएका बालबालिकाहरुको बारेमा जानकारी दिन्छ । जसमा विद्यालय जाने बालबालिकाहरुको प्रतिशत छात्रतर्फ २९.०१ प्रतिशत र छात्रातर्फ ११.४२ प्रतिशत रहेको छ भने विद्यालय नजाने बालबालिकाको छात्रतर्फ ५.९३ प्रतिशत बढी रहेको छ भने छात्रातर्फ १३.१९ प्रतिशत बढी रहेको छ । छात्रको तुलनामा छात्राको सहभागिताको स्थिति न्यून देखिन्छ ।

तुलनात्मक रुपमा हेर्ने हो भने अध्ययनको लागि छनौट गरिएको मुकमैया शिविरमा जम्मा छात्र प्रतिशत ६३.९५ रहेकोमा विद्यालय जाने २९.०१ प्रतिशत रहेको छ । त्यस्तै छात्रा प्रतिशत ३६.०४ प्रतिशत रहेको छ । त्यसमा विद्यालय जाने ११.४२ प्रतिशत र नजाने २४.६१ प्रतिशत रहेको छ । जाने भन्दा नजानेको संख्या १३.१९ प्रतिशतले बढी रहेको छ । विद्यालय जाने केटा भन्दा केटीको संख्या १७.५९ प्रतिशतले न्यन रहेको छ । विद्यालय नजाने केटा भन्दा केटीको संख्या १०.३३ प्रतिशतले न्यन रहेको छ । उक्त तथ्याङ्कले डकार गुरुयोजनालाई चुनोती दिएको छ । विद्यालय स्वागत कार्यक्रमलाई अवरोध गरेको छ । पिछडिएको वर्गलाई शिक्षाको मूलधारमा समाहित गर्ने राष्ट्रिय शिक्षा आयोगको उद्देश्यलाई चुनौती दिएको छ ।

## ४.२. विद्यालय जाने प्रा.वि. तहको उमेरगत विद्यार्थी संख्या

टीकापुर न.पा. का रानीकुला, श्रीशक्ति, विजयनगर शिविरका ५४६ मध्ये १०७ वटा परिवारमा गरिएको सर्वेक्षणबाट प्राप्त प्राथमिक विद्यालय जाने उमेरगत विवरण :-

**तालिका नं. ७**

**विद्यालय जाने प्रा.वि. तहको उमेरगत विद्यार्थीहरुको विवरण**

| शिविरको नाम | जम्मा | | | ५ वर्ष मूनी | | | ५-९ वर्ष | | | १० वर्ष मुनि | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| रानीकुला शिविर | २१ | १२ | ३३ | २ | - | २ | १२ | ७ | १९ | ६ | ५ | १२ |
| श्री शक्ति शिविर | ६३ | २३ | ८६ | ६ | १ | ७ | २४ | ९ | ३३ | ३३ | १३ | ४६ |
| विजयनगर शिविर | ४८ | १७ | ६५ | ३ | - | ३ | १९ | ८ | २७ | २६ | ९ | ३५ |
| जम्मा | १३२ | ५२ | १८४ | ११ | १ | १२ | ५५ | २४ | ७९ | ६६ | २७ | ९३ |
| प्रतिशत | ७१.७३ | २८.२६ | - | ५.९७ | ०.५४ | ६.५२ | २९.८९ | १३.०४ | ४२.९३ | ३५.८६ | २४.६७ | ५०.५४ |

**स्रोतः शोध सर्वेक्षण २०६३**

माथिको तालिकामा १०७ घरपरिवारका प्राथमिक विद्यालयमा सहभागी बालबालिकाको उमेरगत विवरण उल्लेख गरिएको छ । जम्मा ७१.७३ प्रतिशत छात्र र २८.२६प्रतिशत छात्रामध्ये विद्यालयमा जाने ५ वर्ष मुनिका छात्र प्रतिशत ५.९७ र छात्रा ०.५४ प्रतिशत रहेको छ । त्यस्तै ५ देखि ९र्वषसम्मका छात्रछात्रामध्ये छात्र प्रतिशत २९.८९ र छात्रा १४.६७ रहेको छ । उक्त तथ्याङ्कले प्रा.वि. ठीक उमेर भन्दा बढी उमेरका छात्रहरुको प्रतिशत सबभन्दा बढी रहेको छ । त्यस्तै प्रा.वि. ठीक उमेरका भन्दा बढी उमेका छात्राहरुको प्रतिशत सब भन्दा बढी रहेको छ । यसले समयमा विद्यालय शिक्षामा सहभागी गराउनु पर्ने कार्यलाई चुनौती दिएको छ । साथै छात्र तथा छात्रा सहभागीतामा धैरै अन्तर रहेको छ । ५ बर्षमुनिको छात्रभन्दा छात्रा संख्या ५.४३ प्रतिशत कम रहेको छ । ५ देखि ९ बर्षका बालबालिकामा छात्रभन्दा छात्राको संख्या १६.८५ प्रतिशत कम रहेको छ । दश वर्ष माथिका बालबालिकाका संख्यामा छात्रभन्दा छात्राको संख्या २१.१९ बढी रहेको छ । उक्त तथ्याङ्कले मुक्त कमैयाका महिला विद्यार्थीको विद्यालय सहभागीताको अवस्था कमजोर रहेको देखाउँछ

## ४.३. मुक्त कमैया बालबालिकाको अभिभावकको साक्षरता प्रतिशत


१०७ घरपरिवारको ७४ पुरुष र ७४ महिला अभिभावकको प्रश्नबाट प्राप्त जानकारीस्को आधारमा तयार गरिएको विवरण :-


**तालिका नं. ८**

**मुक्त कमैया बालबालिकाहरुको साक्षरता प्रतिशतको विवरण**

| पुरुष | | | | | महिला | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| साक्षर | | | | निरक्षर | साक्षर | | | | निरक्षर |
| साधारण साक्षर | ५-१० माथि | एस.एल.सी माथि | जम्मा | | साधारण साक्षर | ५-१० कक्षा | एस.एल.सी माथि | जम्मा | |
| ३० | ४ | - | ३४ | ४० | १३ | ४ | - | १७ | ५७ |
| ४०.५४ | ५.४० | | ४५.९४ | ५४.०४ | १७.५६ | ५.४० | | २२.९७ | ७७.०२ |

*स्रोत: शोध सर्वेक्षण, २०६३*



तालिकामा ७४ पुरुष मध्ये साधारण साक्षरता ४०.५४ प्रतिशत र ५ देखि १० कक्षासम्म ५.४० प्रतिशत र एस. एल. सी उर्तीणको संख्या सून्य रहेको छ ।त्यस्तै महिला साक्षरतामा ७४ महिला मध्ये साधारण साक्षर १७.५६ प्रतिशत,५ देखि १० कक्षासम्म ५.४० प्रतिशात र एस. एल. सी. उर्तिणको संख्या शून्य रहेको ५ छ । मुक्त कमैया शिवीरको औषत साक्षरता दर ३४.४५ प्रतिशत रहेको छ । उक्त तथ्याङ्कमा पुरुष साक्षरता भन्दा महिला साक्षरता आधा अथवा २२.९७ प्रतिशत रहेको छ । निरक्षरता पनि पुरुष भन्दा महिलाको २२.९७ ले बढि रहेको छ । उक्त तथ्याङ्कले थारु मुक्त कमैया समाजमा छोरी भन्दा छोरालाई पढाउन पर्छ भन्ने मान्यता रहेको प्रमाणित हुन्छ । २०४७ साल पछि विभिन्न एन.जी.ओ. आइ.एन.जी.ओ. ले संचालन गरेको अनौपचारिक शिक्षा कार्यक्रमको प्रभाब मुक्त कमैया समाज नपरेको तथ्य देखिन्छ । अभिश्रापको रुपमा रहेको निरक्षरतालाई उन्मुलन गर्न अनौपचारिक शिक्षा कार्यक्रम प्रौढका लागी संचालन गर्नुपर्ने अवस्था रहेको छ । यसरी अभिभावक साक्षरता बढाएमा उनिहरुको चेतनाको स्तर वृद्धि भई आफ्ना बालबालिकालाई पढाउनु पर्छ भन्ने धारणा विकास हुनेछ । मुक्त कमैयाहरुको शिक्षामा पहुँचमा वृद्धि हुनेछ ।

## ४.४. मुक्त थारु कमैया अभिभावकको प्राथमिक शिक्षा प्रतिको धारणा

### तालिका नं. ९

### मुक्त कमैया अभिभावकहरुको शिक्षा प्रतिको धारणागत विवरण

| क. सं. | वाक्य | पूर्ण सहमति | सहमती | अनिशिचित | असहमती | पूर्ण असहमती |
|---|---|---|---|---|---|---|
| १ | शिक्षाले मानिसलाई असल बनाउँछ । | ३६ | ४१ | - | २८ | २ |
| | प्रतिशत | ३३.६४ | ३८.३१ | ०.०० | २६.१६ | १.८६ |
| २ | प्राथमिक शिक्षाले घरायसी हरहिसाब गर्ने मद्दत गर्छ । | ५३ | ४४ | - | ९ | १ |
| | प्रतिशत | ४९.५३ | ४१.१२ | ० | ८.४१ | ०.९३ |
| ३ | छोरी भन्दा छोरालाई पढाउनु राम्रो हो । | २६ | ५१ | २ | २१ | ७ |
| | प्रतिशत | २४.२९ | ४७.६६ | १.८६ | १९.६२ | ६.५४ |
| ४ | छोरा भन्दा छोरीलाई पढाउनु राम्रो हो । | १८ | २७ | ८ | ४२ | १२ |
| | प्रतिशत | १६.८२ | २५.२३ | ७.४७ | ३९.२५ | ११.२१ |
| ५ | छोरा-छोरी दुवैलाई पढाउनु राम्रो हो । | ६६ | ३४ | - | ७ | - |
| | प्रतिशत | ६१.६८ | ३१.७७ | ० | ६.५४ | ० |
| ६ | प्ढेकाहरुको व्यवहार र बानी राम्रो हुन्छ । | ५२ | १६ | ३ | २९ | ७ |
| | प्रतिशत | ४८.५९ | १४.९५ | २.८० | २७.१० | ६.५४ |
| ७ | पढेकाहरुले स्वस्थ्य तथा सरसफाइमा ध्यान दिन्छन् । | ३८ | ४२ | १ | २१ | ५ |
| | प्रतिशत | ३५.५१ | ३९.२५ | ०.९६ | १९.६२ | ४.६९ |
| ८ | शिक्षा पाएकोले आफुभन्दा ठूलोको इज्जत गर्छन् । | ३१ | ३७ | ५ | ३२ | २ |
| | प्रतिशत | २८.९७ | ३४.५७ | ४.६७ | २९.९० | १.८६ |
| ९ | पढाउनु भन्दा काममा लगाउदा फाइदा हुन्छ । | २७ | १९ | | ५६ | ५ |
| | प्रतिशत | २५.२३ | १७.७५ | ० | ५२.३३ | ४.६७ |
| १० | पढाउनु समय र रकमको वर्वाद गर्नु हो । | २९ | २४ | ६ | ४२ | ६ |
| | प्रतिशत | २७.१० | २२.४२ | ५.६० | ३९.२५ | ५.६० |
| ११ | प्राथमिक शिक्षा, तालिम र अन्य शिक्षाको जग हो । | ३९ | ५१ | ११ | ६ | |
| | प्रतिशत | ३६.४४ | ४७.६६ | १०.२८ | ५.६० | ० |

***स्रोत: शोध सर्वेक्षण, २०६३***

१०७ घरपरिवारबाट प्राप्त जानकारी अनुसार अभिभाबकको प्राथमिका शिक्षा प्रतिको प्रति धारणा विवरण :-

माथिको तालिकामा पहिलो वाक्य “शिक्षाले मानिसलाई असल बनाउँछ’’ भन्ने धारणामा मत सर्वेक्षण गर्दा ३३.६४ प्रतिशत  पूर्ण सहमत, ३८.३१ प्रतिशत सहमत , २६.१६ प्रतिशत असहमत र १.८६ पूर्ण असहमत देखिएको पाइयो ।

दोस्रो वाक्य “प्राथमिक शिक्षाले घरायसी हरहिसाब गर्न मदत गर्छ’’ भन्ने धारणामा मत सर्वेक्षण गर्दा ४९.५३ प्रतिशत पूण सहमत, ४१.१२ प्रतिशत सहमत , ८.४१ प्रतिशत असहमत, ०.९३ पूर्ण असहमत रहेको पाइयो ।

तेस्रो वाक्खय “छोरी भन्दा छोरालाई पढाउनु राम्रो हो ’’भन्ने धारणामा मत सर्वेक्षण गर्दा २४.२९ प्रतिशत पूर्ण सहमत ,४७.६६प्रतिशत सहमत , १.८६ प्रतिशत अनिश्चित , १९.६२ प्रतिशत असहमत र ६.५४ प्रतिशत पूर्ण असहमत रहेको पाइयो ।

चौथो वाक्य“छोरी भन्दा छोरालाई पढाउनु राम्रो हो”भन्ने धारणामा सर्वेक्षण गर्ला १६.८२ प्रतिशत पूर्ण सहमत , २५.२३ सहमत , ७.४७ प्रतिशत अनिश्चित , ३९.२५ प्रतिशत असहमत र ११.२१ प्रतिशत पूर्ण असहमत रहेको पाइयो ।

पाचौ वाक्य “छोरा-छोरी दुवैलाई पढाउनु राम्रो हो” भन्ने धारणामा सर्वेक्षण गर्दा ६१.६८ प्रतिशत पूर्ण सहमत, ३१.७७ प्रतिशत सहमत, ६.५४ प्रतिशत असहमत र ० प्रतिशत पूर्ण असहमत रहेको पाइयो ।

छैठौ वाक्य “पढेकाहरुको व्यवहार र बानी राम्रो हुन्छ” भन्ने धारणा सर्वेक्षण गर्दा ४८.५९ पूर्ण सहमत, १४.९५ सहमत, २.८० अनिश्चित, २७.१० असहमत र ६.५४ पूर्ण असहमत रहेको पाइयो ।

सातौ वाक्य “पढेकाहरुले स्वास्थ्य सरसफाइमा ध्यान दिन्छन्” भन्ने धारणामा सर्वेक्षण गर्दा ३५.५१ प्रतिशत पूर्ण सहमत, ३९.२५ प्रतिशत सहमत, ०.९३ प्रतिशत अनिश्चित, १९.६२ प्रतिशत असहमत र ४.६७ प्रतिशत पूर्ण असहमत रहेको पाइयो ।

आठौं वाक्य “शिक्षा पाएकाले आफूभन्दा ठूलोको इज्जत गर्छन्” भन्ने धारणामा सर्वेक्षण गर्दा २८.९७ प्रतिशत पूर्ण सहमत, ३४.५७ प्रतिशत सहमत, ४.६७ प्रतिशत अनिश्चित, २९.९० असहमत र १.८६ प्रतिशत पूर्ण असहमत रहेको पाइयो ।

नवौं वाक्य “पढाउनु भन्दा काममा लगाउदा फाइदा हुन्छ” भन्ने धारणामा सर्वेक्षण गर्दा २५.२३ प्रतिशत पूर्ण सहमत, १७.७५ प्रतिशत सहमत, ५२.३३ प्रतिशत असहमत र ४.६७ प्रतिशत पूर्ण असहमत रहेको पाइयो ।

दशौं वाक्य “पढाउनु समय र रकमको वर्वाद गर्नु हो” भन्ने धारणामा सर्वेक्षण गर्दा २७.१० प्रतिशत पूर्ण सहमत, २२.४२ प्रतिशत सहमत, ५.६० प्रतिशत पूर्ण असहमत रहेको पाइयो ।

एघारौं वाक्य "प्राथमिक शिक्षा, तालिम र अन्य शिक्षा जग हो" भन्ने धारणामा सर्वेक्षण गर्दा ३६.४४ प्रतिशत पूर्ण सहमत, ४७.६६ प्रतिशत सहमत, १०.२८ प्रतिशत अनिश्चित, ५.६० प्रतिशत असहमत रहेको पाइयो । यस तथ्याङ्कबाट मुक्त कमैया बालबालिका अभिभावकको शिक्षा प्रति सकारात्मक धारणा देखियो ।

यो शोधकार्यमा संरचनावादी चिन्तनलाई समावेश गरिएको छ । उक्त चिन्तनका अनुसार समाज निश्चित संरचनाबाट संचालन भईरहेको हुन्छ । माथिको तथ्याङ्कबाट प्राप्त जानकारीलाई हेर्दा मुक्त कमैया समाजमा अझैं दुईवटा वर्ग मुक्त कमैया र मालिक यथावत रहेको छ । किनभने मुक्त थारु कमैया कसै न कसै कहाँ श्रमिकको रुपमा कार्यरतभए  रहेका छन् । उनीहरुको छोरा र छोरीलाई पढाउनु पर्छ भन्ने सकारात्मक धारणा भएर पनि आर्थिक कठिनाई र अन्य आवास सम्बन्धि समस्याका कारण आफ्नो धारणालाई सार्थक बनाउन सकिरहेका छैनन् । त्यस्तैले उनीहरुलाई आर्थिक रुपले आत्मनिर्भर बनाउनु पर्ने अवस्था सृजना भएको छ । जसले गर्दा उनीहरुका बालबालिकाको विद्यालय सहभागितामा वृद्धि हुन्छ ।

## ४.५ बालबालिकालाई अभिभावकले विद्यालय पढाउन नसकेका कारणहरु

**तालिका नं. १०**

**मुक्त कमैया अभिभावकहरुले बालबालिकाहरुलाई विद्यालय पठाउन नसक्ने कारणहरुको विवरण**

| क्र.सं. | जवाफहरु | प्राप्त जवाफ | प्रतिशत |
|---|---|---|---|
| १ | सानो उमेर भएकोले | ७ | ३.१८ |
| २ | बढी उमेर भएकोले | २१ | ९.५४ |
| ३ | गरिबीको कारणले | ५२ | २३.६३ |
| ४ | घरायसी कामको कारणले | २९ | १३.१८ |
| ५ | पढ्ने सामाग्रीहरु किन्न नसकेर | ३८ | १७.२७ |
| ६ | विद्यालय टाढा भएकोले | २३ | १०.४५ |
| ७ | आफू पढ्न मन नलागेर | १२ | ५.४५ |
| ८ | जन्म दर्ता प्रमाण पत्र नभएर | ५ | २.२८ |
| ९ | अर्काको घरमा काम गर्नु परेकोले | ९ | ४.०९ |
| १० | विद्यालयमा भेदभाव पूर्ण व्यवहार गरेकोले | १३ | ५.९० |
| ११ | नेपाली स्पष्ट बोल्न नसकेर | ११ | ५.०३ |
| जम्मा | | २२० | १०० |

*स्रोतः शोध सर्वेक्षण, २०६३*

माथिको तालिकामा विद्यालय सहभागितामा नरहेका बालबालिकाको बारेमा जानकारी लिदा कम उमेर भएका कारणले ३.१८ प्रतिशत, बढी उमेर भएको कारणले ९.५४ प्रतिशत, गरिबीको कारणले सबभन्दा बढी २३.६३ प्रतिशत, घरायसी कामको कारणले १३.१८ प्रतिशत, पढ्ने सामग्री किन्न नसकेर १७.२७ प्रतिशत, विद्यालय टाढा भएकोलले १०.४५ प्रतिशत, आफू पढ्न मा नलागेर ५.४५ प्रतिशत, विद्यालयमा भेदभाव पूर्ण व्यवहार भएकोले ५.९० प्रतिशत र नेपाली स्पष्ट बोल्न नसकेर ५.०३ प्रतिशत, रहेको पाइयो । यसले अभिभावकको विविध समस्याका बाबजुद विद्यालय पढाउनु पर्छ भन्ने धारणाले मान्यता पाएको देखिन्छ ।

मुक्त कमैया अभिभावक बालबालिकालाई विद्यालयमा सहभागी गराउनुपर्छ भन्ने विचारमा पुर्ण सहमत भए ता पनि विभिन्न समस्याको सामना गरिएको पाईयो । किनभने संरचनावादी चिन्तनबाट हेर्ने हो भने अझै उनिहरुको समाजमा श्रमिक र मालिको अवस्था विद्यमान रहेको पाइन्छ आर्थिक दृष्टिकाणले हेर्ने हो भने अझै रातोदिन काम गरेर पनि हातमुख जोर्ने समस्या समाधान गर्न सकिने अवस्था छैन उनीहरुको समस्याप्रति उच्च तथा मध्यवर्ग र सरकार उदासिन रहेको छ । सहयोग गर्ने संस्थाले पनि उनीहरुको स्थाइ समस्या समाधान नगरेर देखावटी रुपमा सहयोग गरेको पाइयो । अझै विद्यालयमा भेदभावको अवस्था कायमै रहेको छ । साथै पढाइको भविस्यमा के उपलब्धि छ भन्ने वारे उनीहरु अनभिज्ञ रहेका छन् । जसले गर्दा विद्यालय पहुचमा न्यूनता रहेको पाइन्छ ।

## ४.६ विद्यालयमा नियमित नहुनाका र विद्यालय छोड्नाका कारणहरु

३ वटा सार्वजनिक विद्यालय क्रमशः रा.मा.वि. मनिकापुर, जनजागृति मा.वि. सितापुर र कालिका प्रा. वि. राजिपुरका ५ बालबालिका प्रतिविद्यालयका दरले १५ विद्यार्थिसँग गरिएको प्रश्नका आधारमा तयार गरीएको विवरण : -

**तालिका नं. ११**

**विद्यालयमा नियमित नहुनाका र छोड्नाका कारणहरुको विवरण**

| क्र.सं. | जवाफहरु | प्राप्त जवाफ | प्रतिशत |
|---|---|---|---|
| १. | घरायसी कामको कारणले | ११ | ३५.४८ |
| २. | शिक्षकको डरले | ३ | ९.६८ |
| ३. | वर्षिक परिक्षमा उत्तीर्ण हुन नसक्नाले | ४ | १२.९० |
| ४. | सहपाठीको हेपाईले | २ | ६.४५ |
| ५. | विद्यालयमा भोक लग्ने र खाजाको व्यवस्था नभएकाले | ६ | १९.३६ |
| ६. | भषा नबुझेर (मातृभाषामा शिक्षा प्रदान नगरिने भएकोले) | २ | ६.४५ |
| ७. | आमा र बाबु नभएकाले | १ | ३.२३ |
| ८. | विद्यालय टाढा भएकोले | २ | ६.४५ |
| जम्मा | | ३१ | १०० |

*स्रोतः शोध सर्वेक्षण, २०६३*

माथिको तालिकामा विद्यालयमा नियमितता नहुने र छोड्ने बालबालिकासँग गरेको प्रश्नबाट प्राप्त जवाफमा घरायसी कामको कारणले ३५.४८ प्रतिशत, शिक्षकको डरले ९.६८प्रतिशत, वार्षिक परीक्षामा उतिर्ण हुन नसक्नाले १२.९०प्रतिशत,सहपाठीको हेपाइले ६.४५ प्रतीशत, विद्यालयमा भोक लाग्ने र खाजाको व्यवस्था नभएकोले १९.३६ प्रतिशत, भाषा नबुझ्रेर ६.४५ प्रतिशत, आमाबुबा नभएकोले ३.२३ प्रतिशत, विद्यालय टाढा भएकोले ६.४५ प्रतिशत, जवाफहरु पाइयो । उपयुक्त कारण हटाई सहभागीतामा वृद्धि गर्नुपर्ने  देखिन्छ । संक्षेपमा विद्यालयमा नियमित नहुने, विद्यालय छोड्ने र विद्यालय नजाने बालबालिकाको विभिन्न समस्याहरुको सामना गर्नु  परिरहेको छ , जसमा विद्यालय र घरको वातावरणमा तालमेल नमिल्नु, विपन्न पारिवारिक अवस्थाले गर्दा विद्यालयमा लाग्ने खर्च व्यहोर्न नसक्नु बाध्यतावश बाल मजदुरी गर्नु , बढी उमेर भएका कारणले विद्यालय शिक्षामा समायोजन हुन नसक्नु, सस्कारका कारण जाँडरक्सी खाने जस्ता खराब सस्कारमा सानै उमेरमा लागेर कुलतमा फँस्नु आदि कारक तत्व रहेको पाइन्छ ।

उनीहरु मुक्त हुनुपूर्व जमिन्दा्र र कमैया दुई वर्गमा विभाजन भएका थिए । जमिन्दारले उनीहरुलाई शोषण गरेका कारण उनीहरुले विद्रोह गरेको पाइन्छ । मार्क्सवादी चिन्तन अनुसार वर्गसंघर्षको अवस्था सृजना भएका पाइन्छ । तर मुक्त भएर पनि उनीहरुको अवस्थामा सोच अनुसार सुधार हुन सकेन । अझैं उनीहरु आर्थिक समस्या र आवास सम्बन्धी समस्याबाट मुक्त हुन सकेका छैनन् । शिक्षा स्वास्थ्य भनेको उनीहरुको लागि अझैं विलासिताको वस्तुमा पर्दछ । सरकारीतर्फबाट र स्थानीय निकायबाट पनि उनीहरुलाई वर्गीकरण गर्नुवाहेक अन्य ठोस सहयोग हुन सकेन । तसर्थ अझैं उनीहरु आफुलाई उपेक्षित वर्गका रुपमा हेर्न थालेका छन् । कानुनी रुपमा मुक्त भएपनि व्यवहारिक रुपमा अझैं कमैया सरहको जीवन विताउन बाध्य भएका छन् । यी विविध समस्याले गर्दा आफु र आफ्ना बालबालिकालाई आय आर्जनको काममा लगाउन बाध्यता भएको छ । जसले गर्दा शिक्षामा पहुँच न्यून हुनुका साथै शैक्षिक रुपमा कमजोर मानसिकता सृजना भएको छ ।

# अध्याय ५

# परिणाम, निष्कर्ष र सुझावहरु

# (Finding, Conclusion and Recommendation)

## ५.१ परिणाम (Finding)

टीकापुर नगरपालीका वडा नं. ७ रानीकुला, वडा नं. ८ विजयनगर र वडा नं. ९ श्रीशक्ति मुक्त कमैया शिविरमा मुक्त थारु कमैयाका बालबालीकाको प्राथमीक विद्यालयमा सहभागीता सम्बन्धी समस्या बिषयमा केन्द्रीत यस अध्ययनबाट प्रप्त तथ्याङ्कको व्याख्या विश्लेषणका आधारमा प्राप्त भएका मुख्य परिणामहरु यस प्रकार रहेका छन् :-

- मुक्त कमैया शिविरको जनसंख्यामा महिलाको भन्दा पुरुषको जनसंख्या ४.६३ प्रतिशतले बढी रहेको छ । तर कैलाली जिल्ला र टीकापुर न.पा. को जनसंख्या पुरुष भन्दा महिलाको क्रमश: ०.९७ र ०.४५ प्रतिशतले कमी रहेको छ ।
- मुक्त कमैया शिविरको बालबालिकाको उमेर संख्यामा ५-९ वर्ष समुहको सबभन्दा बढी, १० वर्षदेखि १४ वर्षसम्मको दोस्रो स्थान र ५ वर्षमुनिका बालबालिकाको संख्या सबभन्दा कम रहेको छ ।
- प्राथमिक विद्यालयमा भर्ना भएका मुक्त थारु कमैयाका सम्पुर्ण बालबालिकामा सबभन्दा कम ९.८४ प्रतिशत ५ वर्षमुनिका बालबालिका रहेका तथा सबभन्दा बढी ५८.१६ प्रतिशत ५-९ वर्ष उमेर समुहका बालबालिका रहेको र त्यसपछि १० वर्षदेखि १५ वर्षका बालबालिका ३१.९९ प्रतिशत रहेको पाइयो ।
- विद्यालय जाने बालबालिकाको प्रतिशत ४०.४३ र विद्यालय नजाने बालबालिकाको प्रतिशत ५९.५६ रहेको छ । जुन १९.१३ प्रतिशतले रहेको पाइयो ।
- मुक्त थारु कमैया शिविरको खूद भर्ना दर ३०.२८ प्रतिशत रह्यो साथै सम्पुर्ण भर्ना अनुपात ४१.१६ रहेको छ । कैलाली जिल्ला र टीकापुर न.पा. को खुद भर्ना दर क्रमश: ७८.२१ र ८४.०९ प्रतिशत रहेको छ । साथै सम्पुर्ण भर्ना अनुपात क्रमश: ११८.०८ र १२६.३५ रहेको छ । अध्ययन क्षेत्रसंग तुलना गर्दा खुद भर्ना दर छात्र तथा छात्रातर्फ ६.०७ र ५५.३५ प्रतिशतले न्यून रहेको पाइयो । साथै सम्पुर्ण भर्ना दर क्रमश: ९७.४७ र १३५.४१ प्रतिशतले न्यून रहेको पाइयो ।

- ✍ मुक्त थारु कमैया बालबालिकाको विघालय नियमिततालाई हेर्दा छात्रतर्फ ६१.४४ प्रतिशत र छात्रातर्फ ३८.५३ प्रतिशत रहेको पाइयो जसमा छात्र र छात्राको नियमितता ठुलो अन्तर देखिन्छ । उनिहरुको नियमितता बढाउन सबै पक्षको प्रयासको खांचो देखिन्छ ।
- ✍ मुक्त थारु कमैया बालबालिकाको उत्तीर्ण प्रतिशत ६८.६६ रअनात्तिर्ण प्रतिशत ३१.३३ रहेको छ । साथै विद्यालय छोड्ने दर २३.४६ रहेकोपाइयो । छात्र र छात्राको उत्तीर्ण प्रतिशत मा ठुलो अन्तर देखिन्छ ।
- ✍ मुक्त कमैया बालबालिका अभिभावकहरुमा पुरुष अभिभावक४५.९४ प्रतिशत साक्षार र ५४.०६ प्रतिशत निरक्षर रहेको छन् । महिला अभिभावक २२.९७ प्रतिशत साक्षर र ७७.०३ निरक्षर रहेको पाइयो । पूरुष र महिलाको औसत साक्षरता राष्ट्रिय साक्षरता भन्दा १९ प्रतिशत कम रहेको पाइयो ।
- ✍ अध्यन क्षेत्रको परुष साक्षरता प्रतिशत न. पा., जिल्ला र राष्ट्रिय पुरुष साक्षरता भन्दा क्रमशः २८.०६, २०.०६ र १९.६ प्रतिशतले कम रहेको पाइयो त्यस्तै महिला साक्षरता प्रतिशत क्रमशः ३०.०३ प्रतिशत, २०.०३ प्रतिशत र १९.०३ प्रतिशतले कम रहेको पाइयो ।
- ✍ बालबालिकाको शिक्षाप्रति अभिभावकको धारणा सकारात्मक रहेको देखियो । शिक्षाले असल बनाउछ भन्ने वाक्यमा ३३.६४ पूर्ण सहमत र १.६ पुर्ण असहमत रहेका छनू । शिक्षाले घरायसी हरहिसाब र्गन मद्दत गर्छ भन्नेमा ४९.५३ प्रतिशत पूर्ण सहमत र ०.९३ पुर्ण असहमत रहेका छन् । छोराछोरी दुवैलाई पढाउनुराम्रो हो मा ६१.६८ पूर्ण सहमत र ० प्रतिशत पूर्ण असहमत रहेका छन् । पढेलेखेको बानी राम्रो हुन्छ भन्नेमा ४८.५९ पूर्ण सहमत र ६.५४ पूर्ण असहमत रहेका छन् । पढाउन समय र रकमको वर्वाद र्गनु हो मा २७.१० प्रतिशत पूर्ण सहमत र ५.६० पूर्ण असहमत रहेका छन् । यसले के स्पष्ट र्गदछ भने उनीहरुले आफ्ना केटाकेटीलाई प्राथमिक शिक्षा दिन सकारात्मक दृष्टिकोण राख्दछन् ।
- ✍ मुक्त थारु कमैयाले आफ्ना बालबालिकालाई विद्यालय पठाउन नसक्नुका कारणमा १०७ घरपरिवारका अभिभभावकले २२० वटा जवाफहरु दिएका छन् जसमा सानो उमेरका कारण ३.१८ प्रतिशत बढी उमेरका कारण ९.५४ प्रतिशत गरिबीका कारण २३.६३ प्रतिशत , घरायसी कारण १३.१८ प्रतिशत ,शैक्षिक सामग्री किन्न नसकेर १७.२७ प्रतिशत विद्यालय टाढा भएकोले १०.४५ प्रतिशत ,पढ्न मन नलागेर ५.४५, जन्म दर्ता प्रमाण पत्र नभएकोले २.२८ प्रतिशत, अरुको घरमा काम गर्नु परेकोले ४.०९ प्रतिशत भेदभावपुर्ण व्यवहारका

कारणले ५.९० र भाषाका कारणले ५.०३ प्रतिशतले विद्यालय पढाउन नसकेको कारणले उल्लेख गरे ।

- शिक्षकको व्यवहार सम्बन्धमा विद्यालयमा अध्ययनरत ४० बालबालिकाबाट ७९ जवाफहरु प्राप्त भएका छन् जसमा "शिक्षकले समान व्यवहार गर्नुहुन्छ "मा ४०.५२ प्रतिशत "शिक्षकले भेदभावपुण व्यवहार गर्नुहुन्छ भन्नेमा ६.३३ प्रतिशत, "नजानेका कुरा सिकाउनु हुन्छ "मा १५.१८ प्रतिशत, "दैनिक रिसाउनु हुन्छ" भन्नेमा ३.७९ प्रतिशत , "कहिले काही रिसाउनु हुन्छ " भन्नेमा ७.५९ प्रतिशत, "ममतापुर्ण व्यवहार गर्नु हुन्छ "भन्नेमा ८.८६ प्रतिशत जवाफ पाइयो ,अर्थात् शिक्षकको व्यवहार प्रति बालबालिकाको सकारात्मक दृष्तिकोणको प्रतिशतले बढी रह्यो ।
- मुक्त थारु कमैया बालबालीकाको बारेमा प्र.अ.र शिक्षकहरुको धारणा सम्बन्धमा ३ जना प्र.अ. र ९ जना शिक्षकबाट ६० वटा जवफहरु प्राप्त भएको थियो । जसमा "बालबालीकाको उपस्थिती नियमित छ" मा १५ प्रतिशत , "पढाइप्रति रुचि राम्रो छ "मा १६.६६ प्रतिशत , "पढाइ सबैले पुरा गर्ने गरेको छ "मा ११.६६ प्रतिशत , "अतिरिक्त क्रियाकलापमा सहभागिता छ"मा १३.३४ प्रतिशत , "अभिभावक विद्यालयमा आउछन् "मा १.६६ प्रतिशत , "सहभागिता वृद्धि गर्न सहयोगको आवश्यकता छ"मा १८.३४ प्रतिशत , "जनचेतनामुलक कार्यक्रम आवश्यक छ "मा १३.३४ प्रतिशत , र"शैक्षिक उपलब्धी राम्रो छ"मा १० प्रतिशत जवाफ प्राप्त भएको छ । समग्रमा बालबालीकाको व्यवहारप्रति प्र.अ. र शिक्षकको दृष्टिकोण समालोचनात्मक रह्यो ।
- विद्यालय नियमितता र विचैमा कक्षा छोड्नुका कारणहरुबारे १५ जना बालबालीकाबाट प्राप्त जवाफमा "घरायसी कामका कारण "ले ३५.४८ प्रतिशत, "शिक्षकको डरले" ९.६८ प्रतिशत, "अनुत्तीर्ण हुनाले "१२.९० प्रतिशत, "सहपाठीको हेपाइ" ले ६.४५ प्रतिशत, "खाजाको अभावमा" १९.३६ प्रतिशत, "भाषा नबुझ्फेर" ६.४५ प्रतिशत, जवाफहरु प्राप्त भएका छन् । यी सम्पुर्ण कारणहरु बालबालीकाको विद्यालय सहभागीतालाई न्युन गर्न कारक रहेका छन् ।
- मूक्त थारु कमैया सरोकार राख्ने संघसंस्थाबाट जानकारी लिंदा उनीहरुको शिक्षामा सहभागीता बृद्धि गर्न बिभिन्न प्रयास गरेको पाइयो । सरकारी संस्थाहरु जिल्ला शिक्षा कार्यलय, स्रोत केन्द्र, टीकापुर न. पा., भूमि सुधार कार्यलय र सार्वजनिक बिद्यालयले छात्रवृत्ति, निःशुल्क प्रथामिक शिक्षा र अनौपचारिक शिक्षा कार्यकम प्रदान गरेको पाइयो ।

त्सस्तै गैर सरकारी संस्था, सीमाविहिन स्वंम सेवक, सि. सि. एस्. र ग्रीन्सो आदिले पनि आर्थिक तथा भौतिक सहयोग उपलब्ध गरेको पाइन्छ ।

## ५.२ निष्कर्ष (Conclusion)

यस शोधपत्रमा मुक्त थारु कमैयाको बिद्यालय पहुच न्यून हुनुका कारणहरु र अभिभावकको प्रथामिक शिक्षाप्रतिको दृष्टिकोणहरुलाई उद्देश्य बनाएर अध्ययन गरिएको छ । वास्तवमा बिद्यालय जाने बिद्यार्थीहरु ४०.४३ प्रतिशत रहेका छन् र नजाने बिद्यार्थीहरु ५९.५७ प्रतिशत रहेका छन् । यसमा पनि छात्रा ११.४२ प्रतिशत मात्र बिद्यालयमा सहभागी रहेको देखिन्छ । यसले पहुच न्युन रहेका तथ्यलाई स्पष्ट गर्दछ । यसरी पहुच कम हुनुका कारणहरुको अध्ययन गर्ने क्रममा उमेर कम भएकोले, बढी उमेर भएकोले, गरिबिको कारणले , घरायसी कामको कारणले, शैक्षिक सामग्रीको अभाबले, बिद्यालय टाढा भएकोले, जन्मदर्ता प्रमाण पत्र नभएकोले, अर्काको घरमा काम गर्नुपपर्ने भएकोले, भेदभावपूर्ण व्यवहार भएकोले, र  नेपाली भाासा स्पष्ट बुझ्न नसकेर आदि कारणहरु कारक रहेका   छन् ।

मुक्त थारु कमैयाहरुको शिक्षामा पहुँच कम हुनका उपरोक्त कारणहरुलाई निम्न अनुसारका तथ्याङ्कगत बुँदाहरुद्धारा स्पष्ट पार्न सकिन्छ ।

| | |
|---|---|
| 1= उमेर कम भएको कारण | ३.१८ प्रतिशत |
| 2= बढि उमेर भएको कारण | ९.५४ प्रतिशत |
| 3= गरिबीको कारण ५२/१०७ | २३.६३ प्रतिशत |
| 4= घरायसी कामको कारण २९/१०७ | १३.८ प्रतिशत |
| 5= शैक्षिक सामाग्रीको अभावको कारण ३८/१०७ | १७.२७ प्रतिशत |
| 6= विद्यालय टाढा भएको कारण २३/१०७ | १०.४५ प्रतिशत |
| 7= जन्मदर्ता प्रमाण पत्र नभएको कारण ५/१०७ | २.२८ प्रतिशत |
| 8= अर्काको घरमा काम गर्नु पर्नेको कारण ९/१०७ | ४.०९ प्रतिशत |
| 9= भेदभावपूर्ण व्यवहार भएको कारण १३/१०७ | ५.९० प्रतिशत |
| 10= नेपाली भाषा स्पष्ट बुझ्न नसकेको कारण ११/१०७ | ५.०३ प्रतिशत |

**तालिका नं. १० अनुसार**

अभिभावकको शिक्षा प्रतिको धारणा सकारात्मक रहेको पाइयो । किनभने शिक्षाले मानिसलाई असल बनाउँछ, घरायसी हरहिसाब गर्न मद्दत गर्छ, छोराछोरी दुबैलाई पढाउनु पर्छ, पढेलेखेकाको बानी राम्रो हुन्छ आदिमा अधिक अभिभावक पूर्ण सहमत रहेको देखिन्छन् ।

मुक्त कमैयाका बालबालिकाको उर्त्तीर्ण, र अनुउर्त्तीर्ण र विद्यालय छाड्ने स्थिति हेर्दा ६८.६६ प्रतिशत बबालबालिका उर्त्तीर्ण भएको, ३१.३३ प्रतिशत बालाबालिकाले छोडेको तथ्य भेटियो । हाल आएर प्राथमिक तहमा उदार उर्त्तीर्ण नीति शिक्षामा लागु गनुपर्ने अवस्था रहयो स्थितिमा माथि तथ्याङ्कमा सन्तोष गर्नुपर्ने अवस्था छैन । साथै बालबालिकाले विद्यालय नियमितता सम्बन्धी पनि समस्या देखियो । यसरी नियमित हुन नसक्नु र विद्यालय छोड्नुका कारणहरुमा घरको काम, शिक्षकको डर, अनुउर्त्तीर्ण हुनु, सहपाठीको हेपाइ, खाजाको अभाव, भाषा नबुझ्नु र विद्यालय टाढा हुनु, आदि कारक तत्व रहेका छन् । शिक्षामा पहुँच बढाउन अभिभावकको शिक्षाको महत्वको ज्ञान हुनु जरुरी हुन्छ तर मुक्त थारु कमैयाहरुको शिक्षाको अवस्था पनि धेरै कमजोर रहेको छ । जसले गर्दा छोराछारीलाई बढाउनु पर्छ मान्यता कम राख्छन । मुक्त थारु कमैया हरुमा पुरुष साक्षरता ४५.९४ र महिला साक्षरता २२.९७ रहको पाइयो भने निरक्षता क्रमशः ५४.०४ र ७७.०२ प्रतिशत रहेको पाइयो । विद्यालयमा अध्ययनरत र विद्यालयमा सहभागी हुन नसकेका बालबालिकाको धारणा भने सकारात्मक रहेको छ । तर गरीबी तथा अशिक्षाले गर्दा पहुँच वृद्धिमा बाधा उत्पन्न रहेको यथार्थ स्थिति विद्यमान छ ।

## ५.३ सुझावहरु (**Recommendations**)

टिकापुर न.पा. का मुक्त थारु कमैयाहरुको शिक्षामा पहुँच वृद्धि गर्न अवलम्वल गर्नुपर्ने मुख्य उपायहरु निम्नानुसार सिफरिस गरिएका छन् ।

- कमैया शिविरमा औपचारिक शिक्षा प्रदान गर्नुपर्ने देखिन्छ ।
- औपचारिक शिक्षाको सीमामा समाहित हनु नसकेर मुक्त कमैया परिवारहरुका लागि वैकल्पिक शिक्षा कार्यक्रम अन्तरर्गत फुर्सदको समयमा अनौपचारिक कक्षा संचालन गर्नुपर्ने देखिन्छ ।
- मुक्त कमैया शिविरमा विभिन्न सरकारी र गैर सरकारी संस्थाको पहलमा गोष्ठी, सेमिनार, छलफल, सडक नाटक, कार्टुन र पोष्टर आदि जनचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।
- मुक्त कमैयाले बालबालिकालाई विद्यालयमा सहभागी गराउन नसक्नुमा कमजोर आर्थिक अवस्था भएकोले उनीहरुलाई सीपमुलक तालिम, रोजगार, आयमुलक कामतर्फ उन्मूख गराउन उपयुक्त वातावरण को सृजना गर्नुपर्दछ । यसका लागि आर्थिक सहयोग, बिना धितो न्युतम व्याजमा कर्जा प्रवाह गर्नुपर्दछ ।

- मुक्त थारु कमैयाको उद्धार गर्न तथा मानवीय अधिकारको संरक्षण गर्ने काममा अन्तराष्ट्रि संघसंस्थाहरुको पनि सहयोग जुटाउनेतर्फ प्रयास हुनुपर्दछ । उनीहरुले पनि सकारात्मक दृष्ट्रिकोणले मद्दत गर्नुपर्दछ ।
- प्रौढ मुक्त थारु कमैयाहरुको लागि पनि प्रौढ शिक्षा कार्यक्रम सरकारी र गैरसरकारी संस्थाबाट संचालन गरिनु पर्दछ ।
- विद्यालय जाने उमेरका बालबालिकाको लागि पोशाक, स्टेशनरी, परीक्षा शल्क, खाजा आदि लागि छात्रवृतिको व्यवस्था निरन्तर रुपमा सरकारबाट गरिनुपर्दछ ।
- कम्लहरी प्रथा बाँधा बालश्रममा रोक लगाउनु पर्दछ । साथै बाध्यतावश बालमजदुरी लागेका बालबालिकालाई अनुकुल हुने समय मिलाई अनौपचारीक शिक्षाको व्यवस्था हुनुपर्दछ । यस्ता कक्षाहरु संचालन गर्न कमैया शिविर नजिकको विद्यालय भौतिक साधन प्रयोग गरी नगरपालिका तथा जिल्ला शिक्षा कार्यलयको सहयोगमा अनौपचारिक कक्षा संचालन गरिनुपर्दछ ।
- उनीहरुको मातृभाषामा शिक्षा प्रदान गर्ने व्यवस्था हुनुपर्दछ । मुक्त थारु कमैयाका बालबालिकालाई शिक्षा प्रदान गर्ने प्रशिक्षक वा शिक्षक स्वयं त्यही समुदायको हुनुपर्दछ ।अन्य भएमा विशेष तालिमको व्यवस्था गर्नुपर्दछ ।
- मुक्त थारु कमैयाका बालबालिकालाई विद्यालय जाने बानीको विकाश गर्नको लागि शिविरहरुमा बालविकास केन्द्र र शिशु स्याहार केन्द्रको आवश्यकता अनुरुप संस्थापन र संचालन गर्दै जानुपर्छ ।
- बालबालिकाको शैक्षिक उपलब्धीलाई स्तरीय बनाउन र दोहऱ्याउने दरलाई घटाउन लागि अतिरिक्त समयमा शिक्षण गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । यसका लागि विद्यालयका शिक्षकहरुलाई अतिरिक्त समय साँझ विहान परिचालन गरी जिल्ला शिक्षा कार्यालयको अनुमतिमा अन्य विद्यार्थीबाट कमैया बालबालिकाको शिक्षाको लागि न्यूनतम शुल्क लिनु पर्ने देखिन्छ ।
- रोजगारमुलक र सीपमुलक शिक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसमा सिलाई कटाई, तरकारी खेती,पशुपंक्षी पालन, रेडीयो मर्मत, घडी मर्मत, टेलिभिजन मर्मत, फोटोकपी मर्मत, कम्प्यूटर मर्मत आदि तालिम दिनुपर्ने देखिन्छ ।
- महिला शिक्षाको व्यवस्था गरी निरक्षक महिलालाई साक्षर गराई शिक्षाप्रति आकर्षण गराउनुपर्ने हुन्छ । जसबाट छात्राहरुको विद्यालय सहभागिता वृद्धि हुने देखिन्छ । राम्रो शैक्षिक उपलब्धि हासिल गर्ने मुक्त थारु कमैयाका छात्र छात्रालाई प्रोत्साहित गर्न उचित पुरस्कार

व्यवस्था जिल्ला शिक्षा कार्यालयमार्फत् हुनुपर्दछ । साथै उच्च शिक्षामा निःशुल्क पढाउने व्यवस्था हुनुपर्दछ ।

- कमैया बालबालिकाको भर्ना दरलाई बढाउन स्थानीय पत्रपत्रिका र समाजसेवीको सहयोग लिई प्रचार प्रचार गर्नुपर्ने देखिन्छ ।
- कुनै मुक्त कमैयाको बालबालिकाले ए. एल. सी. उत्तीर्ण गरेमा विभिन्न समाजिक संघ संस्थाको सहयोगमा सम्मानजनक र पुरस्कारयुक्त कार्यक्रम संचालन गरी अन्य बालबालिकालाई पढाई प्रति आकर्षण गर्नुपर्ने देखिन्छ ।
- पढेलेखेका मुक्त थारु कमैयाका बालबालिकालाई सरकारी वा गैरसरकारी संस्थामा रोजगारको व्यवस्था गर्नुपर्ने हुन्छ । जसले गर्दा अन्य अभिभावक र बालबापलकालाई पढ्नु र पढाउनु पर्छ भन्ने प्रेरणा हुन्छ ।
- सरकारले मुक्त कमैयालाई अन्य नागरिक सरह बांच्नको लागि उपयुक्त ठाउंमा आवास, विद्यालय र स्वास्थ्य केन्द्रको व्यवस्था गर्न विशेष कर लगाउनुपर्ने हुन्छ ।
- जिल्ला शिक्षा कार्यालयको मुक्त कमैयाका बालबालिकाको लागि कार्ययोजना निर्माण गरी शिक्षा सम्बन्धि कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ ।
- स्थानीय निकाय र सामाजिक संस्थाले विभिन्न लक्षित समूहलाई सहयोग दिने संस्थाबाट सहयोग माग गरी कमैया बालबालिकालाई शिक्षा प्रदान गर्ने कार्यक्रममा सहयोग गर्नुपर्ने देअिन्छ ।
- खोलीएकाहरु प्रति उनीहरुलाई हाम्रो विद्यालय हो र हामी पनि पढ्न सक्छौं भन्ने मनोवल वृद्धि गर्नुपर्छ ।
- उदार उत्तीर्ण नीति अन्तर्गत कक्षा वृद्धि गर्नुपर्ने देखिन्छ ।
- भरखरै मुक्त भएका कमैयाहरुलाई पुनः समाजशास्त्री तथा दार्शनिक कालमार्क्सका सिद्धान्त अनुसार दुई वर्गमा विभाजन हुने अवस्थाबाट बचाउन गास, बास र कपासको ब्यवस्था गरी सम्मानपूर्वक बांच्ने स्थिति सृजना गर्नुपर्छ जसले मुक्त थारु कमैयाहरुमा शिक्षामा पहुँचको स्तर वृद्धि हुनेछ ।
- मुक्त कमैयाहरुलाई शैक्षिक योजना जागृत गर्ने कार्यक्रम संञ्चालन गर्नु पर्छ । साथै उनीहरुले मनाउने चाडपर्व तथा रिति रिवाजमा गर्नृ अनावश्यक खर्च घटाउनको लागि उत्प्रेरणा जगाउनु पर्छ । जस्ले उनीहरुको आर्थिक अवस्थामा सुधार हुन जान्छ । जस्ले गर्दा उनीहरुको शिक्षामा आफ्नो पहुंच बढाउने धारणाको विकास हुन जानेछ ।